का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ भदौ २०८२
बुधबार
10 September 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# दुई दिनमै ध्वस्त शासन र संरचना

## जल्यो संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालतका भवन, खरानी भए महत्वपूर्ण कागजातहरू ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं,२४ भदौ ।

सोमबार बिहान ११ बजेबाट जेनजी पुस्ताको आन्दोलनले दुई दिनमै मुलुकको शासन र संरचना ध्वस्त बनाएको छ ।

सरकारले नै दमन गरेपछि आन्दोलनको रूप फेरिँदै हिंसात्मक बन्न पुग्दा मुलुकको शासन र संरचना नै ध्वस्त भएको हो । मंगलबार राज्यका सबै संयन्त्रमाथि आन्दोलनकारीले आगो लगाइदिएका छन् ।

सत्ताको उन्मादले नागरिकको आवाज नसुन्ने बनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंगलबार प्रधानमन्त्री पद छाडेसँगै शासन सत्ताले एकाएक ढल्यो । यससँगै देशभर ठुलो धनजनको क्षति हुन पुगेको छ। सोमबार बानेश्वरमा प्रहरीको गोलीबाट १९ जना युवा विद्यार्थीको मृत्यु भएपछि चर्किएको आन्दोलनको स्वरूपले सत्ताकै स्वरूप परिवर्तन गर्न सफल भएको हो ।

आन्दोलनकारीले मुलुकका व्यवस्थापिका, कार्यपालिका र न्याय पालिका तीनवटै निकाय ध्वस्त पारेका छन् । संसद भवन, प्रधानमन्त्री कार्यालय, राष्ट्रपति कार्यालय र अदातल कब्जा गरेर आगजनी गरेका >>> पृष्ठ २ मा





## कारागारबाट निस्के रवि लामिछाने



सहकारी ठगीको आरोपमा लामो समयदेखि जेलमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवी लामिछानेलाई समेत आन्दोलनकारीले नख्खु कारागार कब्जा गरेर बाहिर निकालेका छन्।

यो घटनाले आन्दोलनरत युवाहरुले पुराना दललाई मात्रै अस्वीकार गरेका र रास्वपा सहितका नयाँ दललाई स्वीकारर्ने संकेत दिएका छन् । राप्रपा, रास्वपा, जनमत र नाउपाका सबैजसो सांसदले राजीनामा समेत दिइसकेका छन्। जेनजीले सबै संयन्त्र कब्जा गर्दै अन्तमा सिंहदरबारको मुल गेटको टुप्पोमा पुगेर नेपालको झण्डा फहराएका छन् ।

यो आन्दोलनलाई अधिकांश साना राजनीतिक दलहरुले राजनीतिक परिवर्तनकै रुपमा लिएका छन् ।

## प्रधानमन्त्रीले पाएनन् सेनाको साथ



यो आन्दोलनको आक्रोशलाई नियन्त्रणमा लिन नेपाल प्रहरी र सशस्त्र प्रहरीको केही चलेन् । आन्दोलनको मैदानमै रहेको नेपाली सेनाले आन्दोलनको रुप हेरेर रमिते बनिरहेको प्रहरी अधिकारीहरुको् टिप्पणी छ ।

यसले आन्दोलनकारीको मनोबल बढ्दै जाँदा प्रधानमन्त्री, राष्ट्रपति, मन्त्री र नेताहरुलाई थुत्ने अवस्थामा पुगेको सुरक्षामा खटिएका प्रहरी अधिकारीहरु बताउँछन् । यद्यपि नेपाली सेनाले संयमता नअपनाएको भए सार्वजनीक भौतिक संरचना क्षति कम भएपनि मानवीय क्षेत्रीका ग्राफ बढ्ने थियो । सेनाको धैर्यताले थप रक्तपातको अवस्थाबाट मुलुकलाई रोकेको सुरक्षा विश्लेषकहरु बताउँनछ् ।

'सेनाले बल प्रयोग गरेको भएर सयौं नेपालीले गोली खानुपर्ने अवस्था आउथ्यो', नेपाली सेनाका एक उच्च अधिकारीले भने 'यदी सेनाले आफ्नो कदम अघि बढाएको थियो भने मुलुकको >>> पृष्ठ २ मा

## शान्ति कायम गर्न नागरिक अगुवाको अपिल

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ भदौ

नागरिक अगुवाहरूले 'जेनजी पुस्ता'को आन्दोलन क्रममा भएको हिंसाप्रति चिन्ता व्यक्त गर्दै शान्ति कायम गर्न र रचनात्मक समाधान खोज्न सबै पक्षलाई आग्रह गरेका छन् । पूर्वप्रधानन्यायाधीश, पूर्व राजदूत, पूर्वसचिव र मानव अधिकारकर्मीलगायतका प्रतिष्ठित व्यक्तिहरूले जारी गरेको संयुक्त अपिलमा आन्दोलनकारी र सरकारी निकाय दुवैलाई संयम अपनाउन अनुरोध >>> पृष्ठ २ मा

## वार्तामा आउन सेनाको अपिल

आन्दोलनरत पक्षलाई शान्तिपूर्ण निकासका लागि वार्तामा आउन नेपाली सेनाले आह्वान गरेको छ ।

नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गरेका हुन् ।

प्रधानसेनापतिले शान्ति, सुरक्षा, अमनचयन र राष्ट्रिय एकता कायम >>> पृष्ठ २ मा

## विशेष सम्पादकीय

## अब अन्तरिम नागरिक सरकार, अर्ली इलेक्सन

छोटो समयमै सत्ता परिवर्तन गरेर जेनजी विद्रोहले सफलता हासिल गरिसकेको छ । देशको भाग्य र भविष्य कुनै न कुनै रूपमा युवा पुस्ताको काँधमा आइसकेको छ । पुराना भौतिक संरचना मात्र हैन, राजनीतिक नेतृत्वसमेत बिस्थापित गर्न चाहेको जेनजी विद्रोहपछि बन्ने अन्तरिम सरकारले अबको नेपालको भविष्य निश्चित गर्ने छ । अहिलेको परिस्थितिलाई सम्हाल्न जेनजी पुस्ताको समर्थन र सहभागिता रहेको शक्तिशाली नागरिक सरकार सबैभन्दा उत्तम बिकल्प हुनसक्छ ।

अन्तरिम सरकारका मुख्यत: दुई काम हुनेछन् । पहिलो, अहिलेको संकटकालीन परिस्थितिलाई सम्हाल्ने । दोस्रो, छिट्टै आमचुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने । यसो गर्न सक्दा लिकबाहिर जान थालेको हाम्रो शासन प्रणाली र संघिय लोकतान्त्रिक गणतन्त्र राजनीतिक बाटोमा फर्किनेछ ।

## शान्तिमा फर्कन आह्वान

राष्ट्रपति रामचन्द्र पौडेलले देशको विषम परिस्थितिको शान्तिपूर्ण समाधानका लागि आन्दोलनकारी नागरिकलगायत सबै पक्षलाई वार्तामा आउन आह्वान गरेका छन् ।

मंगलबार जारी अपिलमा उनले लोकतन्त्रमा नागरिकले उठाएका माग वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमता अपनाउन आग्रह गरेका हुन् ।

उनले भनेका छन्, 'प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्वीकृत भइसकेकाले अहिलेको विषम परिस्थितिबाट मुलुक, जनता र लोकतन्त्रलाई माया गर्दै समस्या समाधानका लागि सबै पक्षले सहयोग गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । साथै लोकतन्त्रमा नागरिकले उठाएका माग जेनजीका प्रतिनिधिसमेत >>> पृष्ठ २ मा

## अधिकांश कारागारबाट निस्किए कैदी

### जेनजीहरूको प्रदर्शनपछि देशका अधिकांश कारागारमा रहेका कैदी निस्किएका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ भदौ

देशका अधिकांश कारागारमा रहेका कैदी निस्किएका छन् । जेनजीहरूको प्रदर्शनपछि ललितपुरको नख्खु कारागारमा रहेका सबै कैदी निस्किए ।

सोही कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने पनि कारागारबाट बाहिरिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफू कानुनबमोजिमका सबै प्रक्रिया पूरा गरेर मात्रै कारागारबाट रिहा भएको दाबी गरेका छन् ।

नख्खु कारागारमा रहेका लामिछाने मंगलबार दिउँसो कारागारबाट निस्किएका थिए ।

सोमबारबाट >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## विदेशमा रहेका नेपाली कामदार सरकारको दमनबाट विक्षिप्त

**तिलु शर्मा/मध्यान्ह**
दोहा कतार, २४ भदौ

नेपालमा सोमबार जेन जी पुस्ताका किशोर प्रदर्शनकारीमाथि प्रहरीले गरेको बर्बर गोली प्रहारबाट मारिएकाहरूको वीभत्स शव देखेर विक्षिप्त भएका नेपाली कामदार मंगलबार ड्युटीमा गएनन् । विद्यालयको ड्रेसमा रहेका प्रदर्शनकारीमाथि गोली चलाउँदा सोमबारसम्म १९ जनाको ज्यान गएको थियो । रक्ताम्य शवमध्ये केहीको टाउकोबाट रगतको धारा बगेको थियो भने र केहीको रक्ताम्य शव सडकमा लडिरहेका थिए। विद्यालय गएका आफ्ना बालबालिका नफर्केपछि उनीहरूका अभिभावकको चिच्यावट सडकभरि गुन्जिरहेको थियो । ती सबै दृश्य सामाजिक सञ्जालमा हेरेकी हाल कतारमा कार्यरत पर्वतकी जुनु रानाले भनिन्, 'आज मुडअफ भएकाले काम बिग्रिने र गाली खाने डरले अफिस गइन् । उनले थपिन्, 'कति दिन तनावमा रहने हुँ थाहा छैन ।' उनले आक्रोश व्यक्त गर्दै भनिन्, 'प्रहरी हो ! आफ्ना छोराछोरी समान बालबालिकाको टाउकोमा गोली प्रहार गर्दा तिमीहरूका हात काँपेनन् ।'

यसैले नेपालका घटनाबाट प्रभावित भई खाडी मुलुकमा आक्रोश देखिए पनि प्रदर्शनमा उत्रन खोज्नु नेपालीका लागि कानुनी सजाय मात्र होइन, रोजगारी र बसाइँ दुवै गुमाउने खतरा हुने भएकाले संयम अपनाएको भन्दै सामाजिक सञ्जालमार्फत सुरक्षित तरिकाले आफ्नो विचार राखेको नवलपरासीका गंगालाल बरालले बताए । उनले ड्युटी भने नछाडेको बताए। नियम उल्लंघन गरेर प्रदर्शन गर्ने गर्ने व्यक्तिलाई कम्तीमा ६ महिनाको जेल >>> पृष्ठ २ मा

## कतारस्थित हमासको राजनीतिक मुख्यालयमा इजरायली आक्रमण

**मध्यान्ह/संवाददाता**
दोहा कतार, २४ भदौ

ठुलो संख्यामा नेपाली कार्यरत रहेको कतारको राजधानी दोहा मंगलबार इजरायली सेनाले ठुलो विस्फोट गराएको छ। इजरायली सेनाले 'हमास नेतृत्वलाई लक्षित गरी हमासको राजनीतिक मुख्यालय कतारको दोहामा निशाना बनाइएको हो । विस्फोटपछि दोहामा कालो धुवाँ उडेको देखिएको छ तर क्षति वा घाइतेबारे तत्काल स्पष्ट जानकारी नभएको बताइएको छ। कतारले यसलाई कडा शब्दमा निन्दा गर्दै इजरायली आक्रमण अन्तर्राष्ट्रिय कानुन र मान्यतामाथिको खुला उल्लंघन' भएको बताएका छन् । हमास र इजरायलबीचको वार्तामा मध्यस्थकर्ताको भूमिका खेलेको कतारमा हमासको निर्वासित नेतृत्व बस्दै आएको छ ।

## वार्तामा आउन सेनाको अपिल

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ भदौ

आन्दोलनरत पक्षलाई शान्तिपूर्ण निकासका लागि वार्तामा आउन नेपाली सेनाले आह्वान गरेको छ ।

नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गरेका हुन् ।

प्रधानसेनापतिले शान्ति, सुरक्षा, अमनचयन र राष्ट्रिय एकता कायम राख्न सबै नेपालीको साझा दायित्व रहेको बताएका छन् ।

मंगलबार साँझ एक भिडियो सम्बोधन गर्दै उनले भनेका छन्, 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको साझा कर्तव्य हो। त्यसैले आन्दोलनका कार्यक्रमहरू स्थगित गरी वार्ताको बाटो समाउन अनुरोध गर्दछु ।'

उनले हालै देशभर भइरहेका आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गरेका छन्। उनले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदना र सहानुभूति प्रकट गरेका छन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२५ भदौ २०८२ बुधबार
10 September 2025 Wednesday

## दुई...

छन् । त्यस्तै सिंहदरबारभित्रका मन्त्रालयहरु ललितपुरस्थित मन्त्री क्वाटरसँगै तीनवटा पार्टी कांग्रेस, एमाले, माओवादीका कार्यालय जलाएका छन । त्यति मात्रै होइन आन्दोलनकारीले कांग्रेस सभापति शेरबहादुर, प्रधानमन्त्री केपी ओली पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निबासमा लागजनी गरेर बस्न नमिल्ने बनाएका छन् । सोही क्रममा घरमै रहेका देउवा र पत्नी डा आरजू राणमाथि सांघातीक हमला गरेर घाइते बनाएका छन् । घरमा आगजनी गरेपनि दनदन बलिहरेको घरबाट निकालेर पूर्वप्रधानमन्त्री देउवालाई निर्घात कुटपिट परेका हुन् । उनीसँगै रहेकी आरजू समेत आक्रमणमा परेकी छन् । त्यस्तै झलनाथ खनालकी श्रीमतिलाई घरमै आगो लगाएर घाइते बनाइएको छ ।

जेनजीको यो आन्दोलन सम्म आईपुग्नका लागी निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीकै मुख्य मुमिका देखिएको राजनीतिक विश्लेषक शंकर तिवारीले बताए । 'जुन संविधान निर्माता (केपी ओली) लाई 'कन्स्टिच्युसनल क्रिमिनल' भनेर सर्वोच्च अदालत दुईपटक बोल्यो, त्यही नेतृत्वसँग संविधानको रक्षा गर्छु भन्ने शक्ति नेपाली कांग्रेसले गठबन्धन गरेर एक किसिमले सुसाइड नै हो', तिवारीले भने 'त्यो पोलिटिकल हाराकिरी नै हो । हामीले अब त्यो कुरा लेख्न-बोल्न अन्कनाउनु हुँदैन । त्यसको परिणाम विस्तारै देखिँदैछ ।' ओलीले समयमै राजीनामा दिएको थियो भनेपनि राज्यमा यो अवस्थाको तहस नहस कम हुने उनको मत छ ।

सर्वोच्च अदालत, काठमाडौं जिल्ला अदालत, सरकारी वकिलको कार्यालयमा पनि आगजनी गरेका छन् । यसका साथै प्रदेश कार्यालय, जिल्ला स्थित कार्यालयहरुमा पनि तोडफोड तथा आगजनी भएको छ । जेनजी आन्दोलनकारीको आक्रमणमा कांग्रेस र एमालेका धेरै नेताहरु परे । आन्दोलनकारीको निशानामा पुराना राजनीतिक दलका नेता, ती दलका कार्यालय, सरकारी कार्यालय, प्रहरी कार्यालयहरु परेका छन् । त्यस्तै सञ्चारमन्त्री पृथ्वीसुब्बा गरुङ, पूर्वराष्ट्रपति विद्या भण्डारी, पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनको घरमा पनि आन्दोलनकारीले आगजनी गरेका छन् ।

दिनभर जसो देशभरको अवस्था तनावपूर्ण बन्दै जाँदा सुरक्षा संयन्त्रको समेत केही चलेन् । सडकमा देखिएको सुरक्षाकर्मी आन्दोलनकारी मासको आगाडी निकै सानो झुण्ड देखिन्थ्यो ।

हजारौ प्रदर्शनकारीको अघि आफ्नो केही नलागेपछि सार्वजनीक तथा निजी सम्पत्ति जोगाउन कठिन भएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक वनोद घिमिरेले बताए । सोमबार सुरक्षाकर्मीहरुबाट अत्याधिक बल प्रयोग भएको भन्ने आम

## शान्तिमा...

बसी वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमित हुन र वार्तामा आउन सबै पक्षलाई अपिल गर्दछु ।'

त्यस्तै, काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले जेनजी प्रदर्शनकारीहरूलाई घर फर्कन अपिल गरेका छन् । सामाजिक सञ्जालबाट जेनजी प्रदर्शनकारीहरूलाई अपिल गर्दै उनले भनेका छन्, 'प्लिज, जेनजी, देश तपाईंहरूकै हातमा हो । तपाईंहरूले नै बनाउने हो । अब जति क्षति हुन्छ, तपाईं हाम्रो हुने

नागरिकहरुले ज्यान गुमाउँथे । भलै सरकारका मुख्यालयहरुको सार्वजनीक सम्पत्तिको क्षति कम हुन्थ्यो हो ।'

यो घटनामा नेपाली सेनाको भूमिकालाई हेर्दा ०६५ जेठ १८ कै जस्तो देखिन्छ । सेनाले जसरी तत्कालीन राजा ज्ञानेन्द्र साहलाई साथ छाडेका थिए, त्यस्तैगरी अहिलेका प्रधानमन्त्रीलाई सेनाले साथ छाडेको विश्लेषकहरु बताउँछन् । 'हामीले देश र जनताको परिवर्तनका लागी तत्कालीन राजालाई साथ दिन सकेका थिएनौं, हलिको अवस्था पनि करिव करिव त्यस्तै

## अधिकांश...

उग्र भएको जेनजी प्रदर्शन मंगलबार झनै आक्रोशित बनेको थियो । सोही क्रममा लामिछाने पनि कारागारबाट बाहिरिएका थिए ।

कारागारबाट निस्किएपछि पत्नी निकिता पौडेलमार्फत सन्देश जारी गर्दै लामिछानेले भविष्यमा आइपर्ने सबै कानुनी प्रक्रियाका लागि आफू तयार रहेको पनि बताएका छन् ।

आमनागरिकको दवाबपछि सरकारले मेरो रिहाइका लागि कानुबमोजिमको प्रकिया पूरा गरी पत्र थमाएपछि मात्रै आफू कारागारबाट






ललितपुरका एसएसपी श्यामकृष्ण अधिकारीका अनुसार अहिले कारागार पूरै खाली भएको छ । कोही पनि कैदी अहिले कारागारमा छैनन् ।

कास्की कारागारबाट कैदीबन्दी पनि भागे । जेनजी प्रदर्शनकारीले कारागार तोडेर कैदीबन्दी भगाएका हुन् ।

जेनजी आन्दोलनकारीले सरकारी कार्यालयहरू जलाउँदै कारागारबाट कैदीबन्दी छुटाउने सूचनापछि प्रहरी सुरक्षा कडा पारिएको थियो ।

बेलुका जेनजीको सहयोगमा कैदीबन्दीले आफैं कारागार तोडेर भागेको प्रहरीले जनाएको छ । जेनजी आन्दोलनकर्मी कारागार सुरक्षामा खटिएका केही प्रहरीमाथि कुटपिटसमेत गरेर भगाएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

आन्दोलनकर्मीहरू भित्र छिरेर तोडफोड गरे र भित्रबाट कैदीबन्दी पनि

खोटाङका प्रमोद खत्रीले बताए ।

उता अस्ट्रेलिया भने आक्रोसित युवा क्यानबेरास्थित नेपाली राजदूतावासमा प्रवेश गरे । उनीहरूले राजदूतको कार्यकक्षमा प्रवेश गरेर निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको तस्बिर निकालेर भ्रष्टाचारी भन्दै खुट्टाले कुल्चिँदै डस्टबिनमा हालेर आक्रोश व्यक्त गरे । उनीहरूले मैनबत्ती प्रज्वलन गरेर सरकारी आक्रमणमा ज्यान गुमाएका मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गरे ।

अमेरिका रहेर युट्युब पत्रकारिता गर्दै आएका टंक दाहालले अब भ्रष्टाचार गरेको सम्पत्ति राष्ट्रीयकरण गरेर विदेश लगेको भ्रष्टाचारको पैसा पनि फिर्ता ल्याउनुपर्ने समय आएको टिप्पणी गरेका छन् ।

दाहालले युवालाई संयमित रहन र देशको सम्पत्ति सुरक्षित राख्दै नयाँ ढंगले अघि बढ्न आग्रह गरेका छन् ।

नेपालमा भएको राजनीतिक

हो । अब घर फर्कनुस् ।' आन्दोलनकारीको दबाबमा आजै जेलबाट रिहा भएका रास्वपा सभापति रवि लामिछानेले एक अपिल जारी गरेका छन् । उनले भनेका छन्, 'देश अब जेनजीको परिकल्पनाअनुसार चल्नेछ, देशको सम्पत्ति जोगाउनुपर्छ ।'

## शान्ति...

गरिएको छ । पूर्वप्रधानन्यायाधीश अनुपराज शर्मा, कल्याण श्रेष्ठ, सुशीला कार्कीलगायतका १२ जना नागरिक अगुवाका तर्फबाट चरण प्रसाईंले सो अपिल जारी गरेका हुन् ।

यसअघि, ६० जना लेखक र संस्कृतिकर्मीले पनि प्रधानमन्त्री केपी शर्मा ओलीको शैलीको आलोचना गरेका थिए । जेनजीको प्रदर्शनमा समर्थन जनाउँदै उनीहरूले सरकारले

देखियो', एक पूर्व जर्नेलले मध्यान्हसँग भने ।

प्रधान मन्त्रीलाई मंगलबार दिउसै राजीनामा दिने सेनाले सुझावयुक्त दबाब नै दिएको घटनाले पनि उनको भनाईलाई पुष्टि गरेको देखिन्छ ।

प्रधानमन्त्रीले राजीनामा नदिए उनको सुरक्षा गर्न नसक्ने र राज्य सत्ता आफ्नो हतमा लिने सम्मको सम्मको विषयमा सेनाले प्रधानमन्त्रीसँग भनिसकेका थिए । देशको संघीय राजधानी काठमाडौं जेनजी आन्दोलनकारीले नियन्त्रणमा लिएपछि मात्रै सेना बोलेको छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले मंगलबार अपिल मार्फत विद्यमान अवस्थालाई थप जटिल हुन नदिन सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न सबै पक्षलाई आग्रह गरेको छ । 'देशको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक र राष्ट्रिय सम्पत्तिको संरक्षण हामी सबैको साझा दायित्व हो । यस विषम परिस्थितिमा संयमित रहन सम्पूर्ण युवा जनशक्ति र देशवासीमा हार्दिक अनुरोध गर्दछौं ।' नेपाली सेनाले परिस्थितिको निरन्तर विश्लेषण भइरहेको जनाउँदै राष्ट्र र जनताको सुरक्षामा आफ्नो अटुट प्रतिबद्धता रहेको बताएको छ । आन्दोलनको उत्तरार्धमा सेनासहित सुरक्षा अंगका प्रमुखहरुले राजनीतिक निकासका लागी पहल गर्न दलहरुलाई सुझाव दिएका छन् ।

## वार्तामा...

राख्न सबै नेपालीको साझा दायित्व रहेको बताएका छन् ।

मंगलबार साँझ एक भिडियो सम्बोधन गर्दै उनले भनेका छन्, 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको साझा कर्तव्य हो। त्यसैले आन्दोलनका कार्यक्रमहरू स्थगित गरी वार्ताको बाटो समाउन अनुरोध गर्दछु ।'

उनले हालै देशभर भइरहेका आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदना र सहानुभूति प्रकट गरेका छन् ।

रिहा भई सिधै आम नागरिकसामु आउन पाएको बताएका छन् । यसका बाबजुद पनि मुलुकको कानुनप्रति बफादार हुँदै भविष्यमा आईपर्ने सम्पूर्ण आवश्यक कानुनी प्रक्रियाका





आलोचनापछि मंगलबार सुरक्षा संयमता अपनाउदा आन्दोलनकारीको शक्तिलाई थेग्न नसकेको उनको भनाई छ ।

राष्ट्रपति, प्रधानमन्त्री कार्यालय र निवास जलाएसँगै राष्ट्रपति रामन्द्र पौडेल, निवर्तमान प्रधानमन्त्री केपी ओली र मन्त्रीहरुलाई नेपाली सेनाले हेलिकोप्टर मार्फत उद्धार गरेर सुरक्षित स्थानमा राखेको छ । उनीहरुसँग यतिबेला सैनिक बाहेक कसैको सम्पर्क छैन् ।

प्रदर्शनकारीमाथि दमन गरेको भनेर सरकारको चर्को आलोचना गरेका हुन् । उनीहरूले संयुक्त विज्ञप्ति निकालेर सर्वपक्षीय संवादमार्फत आन्दोलनकारीको माग पूरा गर्ने पहल लिन जिम्मेवार राजनीतिक दल तथा राज्यका निकायसँग समेत आह्वान गरेका छन् ।

## प्रधानमन्त्रीले....

अवस्था झन भयावह हुने थियो । धेरै

लागि तयार रहेको लामिछानेले बताएका छन् ।

अहिलेको आन्दोलन विशुद्ध जेनजीको भएको बताउँदै उनले मुलुकको अबको नेतृत्व जेनजीकै मागअनुसार अघि बढ्नुपर्ने कुरामा आफू स्पष्ट भएको बताएका छन् ।

कारागारबाहिर प्रदर्शनकारी पुगेसँगै कारागार प्रशासन निरीह बन्न पुगेको थियो । लगत्तै, लामिछानेसहितका कैदीहरू बाहिरिएका हुन् ।

उत्रिएपछि कारागार तोडेर भागेका हुन् ।

कास्की कारागारमा ब्लक 'ए'मा ४ सय ६६, ब्लक 'बी' मा ४ सय ८० र महिला ब्लकमा ३५ जना कैदीबन्दी थिए ।

## विदेशमा...

सजाय वा ५० हजार कतारी रियालसम्मको जरिमाना हुन सक्ने कडा कानुन रहेको छ । सोही कडा प्रावधानले मनमा अशान्तिको आगो भए पनि सडकमा नउत्रिएको

परिवर्तनपछि नेपालको कूटनीतिक क्षेत्रमा हलचल देखिने भएको छ । प्रमुख दलका शक्तिकेन्द्रको आडभरोसा, नातावाद, कृपावाद, लेनदेन र भागबन्डाका आधारमा पद हत्याएका राजदूतहरूको जागिर भने तत्कालै जाने देखिएको छ । उनीहरूले राजीनामा गरेर पद त्याग नगरे नेपाली समुदायको बहिष्कारमा पर्ने अवस्था बनेको कतिपयले टिप्पणी गरेका छिन





# प्रदर्शनकारीको निसानामा शीर्ष नेताका घर

**काठमाडौं/मस –** मंगलबार काठमाडौंमा भएको प्रदर्शनका क्रममा प्रदर्शनकारीको निसानामा शीर्ष नेताका घर परेका छन्।

स्थानीय प्रशासनले कर्फ्यू लगाएको भए पनि प्रदर्शनकारीहरूले काठमाण्डौं उपत्यका र विभिन्न जिल्लामा राजनीतिक नेता तथा पदाधिकारीहरूका घर तथा कार्यालयमा आक्रमण, तोडफोड र आगजनी भएका छन्।

प्रदर्शनकारीहरूले पुर्वप्रधानमन्त्री शेरबहादुर देउवा र धनगढीस्थित छुट्टाछुट्टै निवासमा आक्रमण गरेका छन्। काठमाण्डौंमै राष्ट्रपति रामचन्द्र पौडेल तथा नेपाली कांग्रेसका महामन्त्री गगन थापाको निजी निवास पनि प्रदर्शनकारीहरूको तारोमा परेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको बालकोटस्थित निजी निवास र पुर्वप्रधानमन्त्री पुष्पकमल दाहालको खुमलटारस्थित निवासनजिकै प्रदर्शनकारीहरू पुगेका थिए।

नेपाली कांग्रेसको सानेपास्थित केन्द्रीय कार्यालय एवं नेकपा एमालेको च्यासलस्थित मुख्यालयमा आगजनी भएको छ।



पदबाट राजीनामा दिएका गृहमन्त्री रमेश लेखकको घर, ऊर्जामन्त्री दीपक खड्काको घर र अरू नेताहरूका घरमा आक्रमण भएको छ। संसद भवन नै जलेको छ। सर्वोच्च अदालत र सिंहदरवार समेत जलेको छ।

# रास्वपा र राप्रापाका सबै सांसदले दिए राजीनामा





**काठमाडौं/मस –** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिउ प्रजातन्त्र पार्टी (राप्रपा)का सबै सांसदले राजीनामा दिएका छन्।

दुवै पार्टीले छुट्टाछुट्टै रुपमा सामूहिक राजीनामा दिएको घोषणा गरेका हुन्। रास्वपाका कार्यवाहक सभापति तथा सांसद डोलप्रसाद अर्यालले विज्ञप्ति निकालेर जेनजीको प्रदर्शनमा दमन भएको भनेर त्यसको भर्त्सना गरेका छन्।

राजीनामा दिनेमा रास्वपाका सभापति रवि लामिछानेको नाम पनि उल्लेख छ। सांसदहरूले वर्तमान सरकारको औचित्य पूर्णतः समाप्त भइसकेको भन्दै सर्वदलीय नागरिक सरकारको माग गरेका छन्। राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले पनि सर्वदलीय नागरिक सरकारको माग गरेका छन्।

# आन्दोलनबारे स्वतन्त्र अनुसन्धानको आह्वान



**काठमाडौं/मस –** नेपालमा जेनजी युवा पुस्ताले गरेको विरोधप्रदर्शनका क्रममा भएको हिंसाप्रति युरोपेली संघ ईयूले गहिरो दुःख व्यक्त गरेको छ।

युरोपेली संघले मंगलवार विज्ञप्तिमा जारी गर्दै सोमवार प्रदर्शकारीहरू मारिएका घटनाको स्वतन्त्र अनुसन्धान हुनुपर्ने जनाएको छ।

ईयूले संयम अपनाउन आह्वान गरेको छ र अधिकारीहरूलाई जीवनरक्षाका लागि आवश्यक सबै उपायहरू अपनाउन आग्रह गरेको छ।

‘ईयूले मतभेदहरू समाधान गर्न र सबै मौलिक अधिकारहरू कायम राख्ने सुनिश्चितका लागि सबै पक्षहरूबीचको संवादलाई प्रोत्साहन गर्छ’ ईयूले भनेको छ।

# धमाधम पार्टी छाड्दै दलीय नेता/कार्यकर्ता



जेनजी आन्दोलन चलिरहेका बेला राजनीतिक दल त्याग्नेहरू बढेका छन्। एमाले केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरे र उनकी पत्नी विमला घिमिरेले पार्टी त्यागेको घोषणा गरेका छन्।

जेनजी आन्दोलनमा सरकारले गरेको दमन निन्दनीय भएको बताउँदै उनीहरूले दल त्यागेको घोषणा गरेका हुन्।

बेलबारी नगरपालिकाका पूर्वप्रमुख एवं अहिले कोशी प्रदेश सभा सदस्य ज्ञानेन्द्र सुवेदीले पनि एमाले छाडेको घोषणा गरेका छन्।

यस्तै, मोरङको बेलबारी नगरपालिकाका मेयर डिपी राईले पदबाट राजीनामा घोषणा गरेका छन्। उनले एमाले पार्टी र जनप्रतिनिधिको जिम्मेवारीबाट राजीनामा दिएको घोषणा गरेका हुन्। कांग्रेसबाट बेलबारी नगरपालिकाकी उपप्रमुख निर्वाचित नितु थापा कोइरालाले पनि पार्टी र उपमेयर पदबाट राजीनामा दिएको घोषणा गरेकी छन्।

# पूर्वराजा ज्ञानेन्द्रले भने देशभित्रैबाट समाधान खोजियोस्



**काठमाडौं/मस –** पूर्वराजा ज्ञानेन्द्र शाहले जेनजी पुस्ताका प्रदर्शनकारीहरूको ज्यान जाने गरी भएको घटनाको निन्दा गरेका छन्।

शाहको संवाद सचिवालयले मंगलवार विज्ञप्ति जारी गर्दै अबको समाधान पनि देशभित्रैबाट खोज्न भनेका छन्।

जेन जीले देश र समाजका निम्ति केही राम्रा काम गरौं भन्ने उद्देश्य राखेर अगाडि बढेका होनहार किशोरकिशोरी र युवायुवतीले काठमाडौं लगायत देशका धेरैजसो प्रमुख सहरहरूमा विरोध प्रदर्शनमार्फत् पोखेको आक्रोश निश्चय पनि आमचासोको विषय भएको विज्ञप्तिमा उल्लेख छ।

युवा पुस्ताका जायज मागलाई सम्बोधन नगरी ज्यान लिनु र सयौंलाई घायल पार्नु अत्यन्त दुःखद एवं निन्दनीय कार्य भएको उनले बताएका छन्। ज्यान नै जानेगरी घटना हुनु नेपाली समाजको मान्यताविपरीत रहेको पनि पूर्वराजा शाहको सचिवालयले बताएको छ। घटनामा ज्यान गुमाएका युवाहरूप्रति पूर्वराजा शाह र परिवारका तर्फबाट श्रद्धाञ्जलि व्यक्त गरिएको छ।

देशभित्रबाटै समस्याको समाधान खोज्न उनले अपील समेत गरेका छन्। ‘पछिल्लो पुस्ताको यो आन्दोलन हिंसात्मक नबनोस्, अराजक नरहोस् र यसमा कसैको घुसपैठ नहोस् भन्ने धारणा राखिबक्सेको छ’ विज्ञप्तिमा उल्लेख छ।

# अनुदानमा घुम्तीगोठ निर्माण



**म्याग्दी/मस–** धवलागिरि र अन्नपूर्ण गाउँपालिकामा पशुधनको सुरक्षा तथा गोठालाको सहजताका लागि तीनवटा घुम्ती गोठ निर्माण भएका छन्। धवलागिरि-५ मल्कवाङको म्यादुङमा, अन्नूर्ण गाउँपालिकाका खोपारा र बयलीमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अनुदान सहयोगमा घुम्तीगोठ निर्माण भएको हो। हिउँदयाममा जाडो हुने भएकाले बेँसीमा झारिने गाईभैँसी, याकचौँरी तथा भेडाबाख्रा गर्मीयाममा उच्च लेकका घुम्ती चरन क्षेत्रमा लगेर पालन गरिन्छ।

म्यादुङमा धवलागिरि गाउँपालिकाको रु आठ लाख अनुदान र किसानको रु दुई लाख बढी लगानीमा पाँच सय भेडाबाख्रा राख्न मिल्ने घुम्तीगोठ निर्माण भएको छ। मल्कवाङका भेडापालक किसान देवान छन्त्यालले घुम्तीगोठ निर्माण भएपछि हिउँदयाममा बेँसी झरेका भेडाबाख्रालाई झरी र हिउँ पर्दा ओत लाग्न सजिलो हुनुका साथै चिसोबाट बचाउन सकिने बताए।

‘हिमपातको समयमा कमजोर भेडाबाख्रा र पाठापाठी चिसोले धेरै मरेकाले घुम्तीगोठको आवश्यकता थियो’, उनले भने, ‘घुम्तीगोठ भएपछि घाँसपानी दिन सकेमा भेडाबाख्रा हराउने र मर्ने जोखिम घटेको छ।’ छन्त्याललगायत पाँच जना भेडाबाख्रापालक किसानले घुम्तीगोठ निर्माणमा साझेदारी गरेका हुन्। जस्तापाताले छाएको र भुइँमा ढलान गरिएको घुम्तीगोठ घेराबारका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा पनि बजेट विनियोजन गरेको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत विनियोजन भएको रु चार लाखबाट अन्नपूर्ण गाउँपालिका-५ खोपारा र बयलीमा घुम्तीगोठ संरक्षणका लागि टहरा निर्माण भएको कार्यालयका सूचना अधिकारी सुभास रेग्मीले बताए।

ढुंगाको पर्खाल, काठको बार र जस्ताले छाएर किसान बस्ने र चौँरीका बाछाबाछी राख्ने गोठ निर्माण भएको हो। गोठमा पाठापाठी राख्दा ब्वासो, चितुवा, स्यालगायत जनावरको आक्रमणबाट बचाउन सकिने किसानले बताएका छन्। बर्खायाम जेठदेखि असोजसम्म उच्च लेकमा र हिउँदयाम लागेपछि मंसिरदेखि वैशाखसम्म बेँसीका फाँटमा घुम्तीगोठ सार्ने चलन छ।

# धानमा मरुवा रोगको समस्या



**चितवन/मस–** चितवनमा लगाइएको धानमा ब्लाष्ट (मरुवा)रोगको समस्या देखिएको छ।

कृषि विकास कार्यालयका अनुसार अहिले कार्यालयमा दैनिक २५ देखि ३० जना विभिन्न रोगको समस्या लिएर आउने गरेका छन्।

त्यसमध्ये ५० प्रतिशत बढी मरुवा रोगको समस्या लिएर आउने गरेका छन्। जिल्लाका सातै पालिकामा यो रोगको समस्या देखिएको छ।

कार्यालयका सूचना अधिकारी विन्दु पौडेलका अनुसार रोगी बीउ, संक्रमित पानी, परालका ठुटा तथा झारपातबाट यो रोग सर्दछ। धानको नर्सरीको ब्याड्बाट यो रोग देखिन्छ। ओसिलो, न्यानो भएमा यो रोगको संक्रमण बढी हुन्छ। उनले भने, ‘पातमा शीतका थोपा रहिरहने र नाइट्रोजन मलको बढी प्रयोग भएको खण्डमा यो रोगले महामारी लिने गर्दछ।’

यो रोग लाग्दा पातको दुवै छेउतिर चुच्चिएका अण्डाकार थोप्ला देखिने, थोप्ला खैरो रंगको हुने, थोप्लाको बीचमा सेतो विन्दु हुने, बाला मुन्तिरको डाँठमा खैरो रंग भएको दाग पनि देखिने पौडेलले जानकारी दिए।

यस रोगको व्यवस्थापनका लागि रोग अवरोधक जात जस्तै खुमलटार, राधाचार, सावित्री, चन्दननाथ १ र २ लगाउने, ब्याडमा बीउ राख्नुभन्दा पहिले कारवेन्डाजिम दुई ग्राम प्रतिकिलो बीउको दरले उपचार गर्ने, मलखादको उचित व्यवस्थापन गर्ने, ग्रसित भएको रोगबाट अर्को खेतमा पानी जान नदिने जस्ता कार्य गर्न उनको सुझाव छ।

जिल्लामा अहिले २७ हजार २०७ हेक्टर क्षेत्रफलमा धान रोपिएको छ। धानमा यो रोगबाहेक अन्य विभिन्न रोगको समेत समस्या देखिएको उनले जानकारी दिए। उनका अनुसार पतेरो, गभारो लगायतको रोग देखिएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
२५ भदौ २०८२ बुधबार
10 September 2025 Wednesday

## सम्पादकीय

# अब अन्तरिम नागरिक सरकार, अर्ली इलेक्सन

जेनजी पुस्ताको प्रदर्शनमाथि सरकारले गरेको बर्बर दमनले अन्ततः ठूलो राजनीतिक उथलपुथल ल्याइदिएको छ। शान्तिपूर्ण प्रदर्शन भड्किँदा १९ जनाको ज्यान जानुका साथै चार सयभन्दा धेरै घाइते भएपछि मंगलबार देशभरै उग्रप्रतिरोध जुलुस निस्क्यो। राष्ट्रपति भवनदेखि सिंहदरबार, सर्वोच्च अदालत, संघिय संसद् भवनदेखि प्रधानमन्त्री निवासजस्ता राष्ट्रिय सम्पत्ति ध्वस्त पारिए। प्रधानमन्त्री केपी शर्मा ओली बालुवाटार छाडेर भाग्नुपर्ने स्थिति आयो भने कांग्रेस सभापति शेरबहादुर देउवा र आरजु राणालाई घरबाटै निकालेर प्रदर्शनकारीले कुटपिट गरे। ओली, देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका निवासहरू जलाइए। शासक वर्ग, दल र नेताहरूप्रति आमनागरिकमा कुन हदसम्मको आक्रोश रहेछ भन्ने मंगलबार छताछुल्ल हुनपुग्यो। नयाँ पुस्ताले ३६ घण्टामै आफ्नो सामर्थ्य देखाइ छाड्यो।

जेनजी विद्रोहपछि मुलुक शून्यतामा पुगेको छ। संसद्का मुख्य दलहरूप्रति नै अविश्वास देखिएकाबेला अहिलेको संकटको समाधान संघिय संसद्बाट निस्कनसक्ने देखिँदैन्। त्यसमाथि रास्वपा, राप्रपालगायतका राजनीतिक दलका सांसद्ले राजीनामाको घोषणा गरिसकेको स्थिति छ। यस्तोमा संसद्बाट नयाँ सरकारको बिकल्प खोज्न सम्भव देखिँदैन्। नेतृत्वविहिनजस्तो देखिएको यो आन्दोलनले नयाँ नेता पनि जन्माउने अपेक्षा गरिएको छ। तथापि, आन्दोलनकारी ठूलो तप्काले काठमाडौँ महानगरका मेयर बालेन शाहलाई सरकार सम्हाल्न प्रस्ताव गर्दैछ भने अर्को समूहले जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई रिहा गराइसकेको छ। स्थितिलाई नियन्त्रणमा लिन नेपाली सेनाले अन्तरिम सरकार निर्माणका लागि सहजीकरण गरिरहेको छ। राष्ट्रपति रामचन्द्र पौडेल र जेनजी अगुवाहरूबीच संवाद गराएर राजनीतिक निकास निकाल्ने प्रर्यत्न पनि सँगै भइरहेकै छ। अहिलेको राजनीतिक शून्यता जतिसक्दो चाँडो अन्त्य गर्नुमै राष्ट्रको हित देखिन्छ। त्यसका लागि सबैभन्दा महत्वपूर्ण आमनागरिक तहमै संयम्को खाँचो छ।

छोटो समयमै सत्ता परिवर्तन गरेर जेनजी विद्रोहले सफलता हासिल गरिसकेको छ। देशको भाग्य र भविष्य कुनै न कुनै रूपमा युवा पुस्ताको काँधमा आइसकेको छ। त्यसलाई आमचुनावमार्फत अनुमोदन गर्न मात्र बाँकी छ। यस्तोमा अहिलेको शून्यता र अनिश्चितता लम्ब्याउनु राष्ट्रिय हितमा हुँदैन।

पुराना भौतिक संरचना मात्र हैन, राजनीतिक नेतृत्वसमेत बिस्थापित गर्न चाहेको जेनजी विद्रोहपछि बन्ने अन्तरिम सरकारले अबको नेपालको भविष्य निश्चित गर्ने छ। कतिपयले सेनालाई शासन सत्ता हातमा लिन उक्साइरहेका छन्। तर, राजतन्त्रदेखि लोकतान्त्रिक अभ्याससम्म हेरेको नेपाली सेनाले पक्कै त्यो गल्ती गर्ने छैन। अहिलेको परिस्थितिलाई सम्हाल्न जेनजी पुस्ताको समर्थन र सहभागिता रहेको शक्तिशाली नागरिक सरकार सबैभन्दा उत्तम बिकल्प हुनसक्छ। दलीय राजनीतिभन्दा टाढा रहेर राष्ट्रिय जीवनमा सकारात्मक छाप छाडेका पेसाकर्मी वा नागरिक अगुवा सम्मिलित सरकारलाई विश्वास गर्न आमनागरिकलाई पनि सहज हुन्छ।

अन्तरिम सरकारका मुख्यतः दुई काम हुनेछन्। पहिलो, अहिलेको संकटकालीन परिस्थितिलाई सम्हाल्ने। दोस्रो, छिट्टै आमचुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने। यसो गर्न सक्दा लिकबाहिर जान थालेको हाम्रो शासन प्रणाली र संघिय लोकतान्त्रिक गणतन्त्र राजनीतिक बाटोमा फर्किनेछ।

## सामाजिक सञ्जाल



राम बास्ताकोटी

यो संवेदनशील घडीमा थप अराजकता रोक्नका लागि नेपाली सेनाको हस्तक्षेप अपरिहार्य देखिन्छ। तर, यो केवल अस्थायी कदम हुनुपर्छ–सत्ताको सुचारु हस्तान्तरण चाँडै नै स्वतन्त्र र निष्पक्ष लोकतान्त्रिक निर्वाचनमार्फत जनताकै हातमा फर्किनुपर्छ।



डम्बर खतिवडा

कुनै क्रान्ति, विद्रोह र आन्दोलनपछि स्थिति साम्य पार्ने, देश अघि बढाउने र सुरक्षा व्यवस्थामा योगदान गर्ने कर्तव्य पनि विद्रोह नेतृत्वकर्ताकै हुन्छ। क्षति धेरै हुन थाल्यो। जेनजी आन्दोलन नेतृत्वकर्ताले सोच्न जरुरी छ। अब भो, संवाद गर र राजनीतिक निकास देऊ। अन्यथा प्रतिक्रान्ति हुन्छ।



नारायण अमृत

प्रिय जेनजीहरु ! हत्यारा ओलीको राजीनामा आयो। सरकार ढलिसक्यो। अब तपाईंहरूले सार्वजनिक सम्पत्ति ढाल्न बन्द गर्नुहोस्। संयम देखाउनुस्। मान्नुस्, देशलाई नयाँ शिराबाट हिँडाउन र यसमा आ-आफ्नो ठाउँबाट योगदान गर्नुहोस्। लोकतन्त्र र यसका मूल्य मान्यतामा रहेर नयाँ दिनहरूका लागि तयार रहनुहोस्।



केपी ढुंगाना

सुशासनको माग गर्दै सडकमा आएको समूहको ठाउँ विस्तारै अराजक समूहले लिँदा राष्ट्रको सुरक्षाको जिम्मा पाएको सेना, दंगा नियन्त्रण गर्ने सशस्त्र र कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएको नेपाल प्रहरी आन्तरिक संकटमा सुरक्षा व्यवस्थापन गर्न पूरै असफल भए।

# उन्नत लोकतन्त्रको माग

*लोकतन्त्र केवल शासनको रूप होइन, त्यो सभ्यताको प्रतिबिम्ब हो, जसले स्वतन्त्रता, न्याय, समानता र भाइचाराको सारलाई जीवन्त बनाउँछ।*

अग्रलेख



● शम्भू पनेरू

लोकतन्त्र मानव सभ्यताको एउटा महत्वपूर्ण उपलब्धि हो, जसले नागरिकलाई शासन प्रक्रियामा सक्रिय सहभागिता दिन्छ। यो प्रणाली व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार, न्याय, उत्तरदायित्व र जनताको सर्वोच्चताको सिद्धान्तमा आधारित हुन्छ। तर, जब कुनै शासन प्रणाली निरंकुशतामा रूपान्तरित हुन्छ, तब त्यहाँ नागरिक स्वतन्त्रता कुन्ठित हुन्छ, आवाज दबिन्छ र जनताको स्थान शासकको व्यक्तिगत इच्छाले लिन्छ। आजको युगमा, जहाँ विश्व एक आपसमा जोडिएको छ र प्रविधिले सम्पूर्ण मानवीय चेतनालाई एकीकृत गरिदिएको छ, त्यहाँ निरंकुश शासनको ठाउँ छैन। हामीले चाहेको हो- एक समावेशी, पारदर्शी, उत्तरदायी र जनमुखी उन्नत लोकतन्त्र।



उन्नत लोकतन्त्र भन्नाले केवल निर्वाचन वा प्रतिनिधि प्रणाली मात्र बुझिँदैन। यो एउटा सोच हो, अभ्यास हो, संस्कार हो, जसले राज्य र नागरिकबीचको सम्बन्धलाई विश्वास, समानता र सहभागितामूलक बनाउँछ। जब नागरिकका अधिकारहरू सुरक्षित हुन्छन्, जब राज्यको हरेक अंग उत्तरदायी र पारदर्शी हुन्छ, जब नीति निर्माण जनताको हितमा गरिन्छ, त्यतिबेला लोकतन्त्र उन्नत मानिन्छ। यसको मूल आधार भनेकै जनसहभागिता हो, सामान्य नागरिकदेखि विभिन्न वर्ग, समुदाय र क्षेत्रका आवाजहरू समेटेर नीति निर्माण हुनु हो।

निरंकुश शासन व्यवस्था कुनै व्यक्तिको वा सानो समूहको शक्ति केन्द्रित शैली हो, जसमा आलोचनाको स्थान हुँदैन, स्वतन्त्र सञ्चार माध्यम निषेध हुन्छ र कानुनी संस्थाहरू पनि शक्तिशाली शासकको अधीनमा राखिन्छन्। यस्तो शासनमा भय, दबाब र दमनमार्फत शासन गरिन्छ, जसले समाजमा असमानता, अन्याय र असन्तोष बढाउँछ। इतिहासले प्रमाणित गरेको छ कि निरंकुशता कहिल्यै दिगो शान्ति वा समृद्धिको आधार बन्न सक्दैन। जहाँ स्वतन्त्रता छैन, त्यहाँ नवप्रवर्तन हुँदैन। जहाँ विचारको स्वतन्त्रता छैन, त्यहाँ सामाजिक र वैज्ञानिक विकास पनि अवरुद्ध हुन्छ।

उन्नत लोकतन्त्र भनेको यस्तो प्रणाली हो, जसले न केवल नागरिकलाई स्वतन्त्र र सुरक्षित बनाउँछ, तर उनमा उत्तरदायित्व पनि सिर्जना गर्छ। जनताको सक्रिय सहभागिता नै लोकतन्त्रको मेरुदण्ड हो। चुनावमा भोट हाल्नु मात्र होइन, नीतिहरूमा बहस गर्नु, प्रश्न गर्नु र सुधारका लागि दबाब दिनु लोकतन्त्रको सार हो। समाजका विविध वर्ग- महिला, दलित, आदिवासी, धार्मिक वा भाषिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरू सबैको आवाज सुन्ने र समेट्ने लोकतन्त्र नै उन्नत लोकतन्त्र हो।

शक्तिको सन्तुलन उन्नत लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष हो। कार्यपालिका, विधायिका र न्यायपालिकाबीचको स्पष्ट विभाजन र सन्तुलन लोकतन्त्रलाई सुदृढ बनाउँछ। एकले अर्कोको निगरानी गर्ने र शक्ति सन्तुलन कायम गर्ने प्रणालीले कुनै एक अंगको निरंकुशता रोक्छ। साथै, स्वतन्त्र प्रेस, नागरिक समाज, मानव अधिकार आयोग र विभिन्न अनुगमन संस्थाहरूको भूमिकाले पनि लोकतन्त्रलाई जीवित राख्छ। जनतासँग सूचना पहुँच हुनु, नीतिगत निर्णयमा छलफल र पारदर्शिता हुनु र सार्वजनिक संस्थाहरूमा जवाफदेहिता हुनु लोकतन्त्रको स्वास्थ्य सूचक हो।

प्रविधिको विकासले लोकतन्त्रलाई अझ पारदर्शी र पहुँचयुक्त बनाउन सहयोग गरेको छ। डिजिटल माध्यमबाट नागरिकले सूचना पाउने, राय दिने र सरकारको कार्यमा निगरानी गर्ने सम्भावना बढेको छ।

*जब नागरिकका अधिकारहरू सुरक्षित हुन्छन्, जब राज्यको हरेक अंग उत्तरदायी र पारदर्शी हुन्छ, जब नीति निर्माण जनताको हितमा गरिन्छ, त्यतिबेला लोकतन्त्र उन्नत मानिन्छ। यसको मूल आधार भनेकै जनसहभागिता हो।*

तर, प्रविधि आफैंमा समाधान होइन। यदि प्रविधि शासनको निगरानी, अभिव्यक्तिको नियन्त्रण र जनताको विचारमाथि नियन्त्रण गर्ने माध्यम बनाइन्छ भने त्यो उन्नत लोकतन्त्र होइन, डिजिटल निरंकुशता हुन्छ। त्यसैले प्रविधिको प्रयोग जनताको हितमा र उत्तरदायी शासनको सेवा गर्नुपर्छ। शिक्षा पनि लोकतन्त्रको मूल आधार हो। शिक्षित नागरिकले मात्र आफ्ना अधिकार र कर्तव्य बुझ्न सक्छन् र शासन प्रक्रियामा जानकार सहभागिता जनाउन सक्छन्। लोकतन्त्रको सफल अभ्यासका लागि नागरिक शिक्षा अनिवार्य छ, जसले मानिसलाई केवल साक्षर होइन, सचेत र जिम्मेवार नागरिक बनाउँछ। समाजमा विवेकशील र आलोचनात्मक सोच भएका व्यक्तिहरूको संख्या जति धेरै हुन्छ, उति लोकतन्त्र बलियो हुन्छ।

सामाजिक न्याय र आर्थिक समानताको अभावमा पनि लोकतन्त्र कमजोर पर्न सक्छ। जब समाजमा एकथरी मानिसहरू अत्यधिक सम्पन्न हुन्छन् र अरू अत्यधिक गरिब, तब लोकतान्त्रिक मूल्यहरू संकटमा पर्छन्। आर्थिक असमानता राजनीतिक असमानताको कारण बन्छ, जसले शक्तिशालीहरूलाई झन् शक्तिशाली बनाउँछ र कमजोर वर्गको आवाज दबिन्छ। त्यसैले उन्नत लोकतन्त्रले केवल राजनीतिक अधिकार मात्र होइन, सामाजिक र आर्थिक न्याय पनि सुनिश्चित गर्नुपर्छ।

उन्नत लोकतन्त्रको अर्को पहिचान हो- संघीयता र विकेन्द्रीकरण। शक्ति केन्द्रमा मात्र केन्द्रित हुँदा स्थानीय आवश्यकता, विविधता र समस्याहरू उपेक्षित हुन्छन्। संघीय संरचना र अधिकारको विकेन्द्रीकरणले शासनलाई जनताको नजिक ल्याउँछ, स्थानीय सरकारहरूलाई सशक्त बनाउँछ र जनताले आफ्ना मुद्दा आफैं समाधान गर्ने वातावरण तयार हुन्छ। यस्तो प्रणालीले सहभागिता र जवाफदेहिता दुबैलाई बलियो बनाउँछ।

समानताको सिद्धान्त पनि लोकतन्त्रको आधारशिला हो। जबसम्म सबै नागरिकलाई जात, धर्म, भाषा, लिंग वा क्षेत्रका आधारमा विभेद नगरिकन समान अधिकार र अवसर दिइँदैन, तबसम्म लोकतन्त्र अपूर्ण रहन्छ। समानताको अभ्यास नीतिमा मात्र होइन, व्यवहारमा पनि हुनुपर्छ। राज्यका सबै निकाय र नीतिहरूले समावेशीताको भावना बोकेको हुनुपर्छ। प्रतिनिधित्वको विविधता सुनिश्चित नगरी लोकतन्त्रको उद्देश्य पूरा हुँदैन।

उन्नत लोकतन्त्र केवल बहुमतको शासन होइन, अल्पसंख्यकको सुरक्षा पनि हो। बहुमतले निर्णय गर्ने प्रक्रिया लोकतान्त्रिक हो, तर अल्पसंख्यकको हकलाई संरक्षित नगर्ने प्रक्रिया लोकतन्त्रविरोधी हुन सक्छ। त्यसैले उन्नत लोकतन्त्रले बहुमतको निर्णयसँगै अल्पसंख्यकको सुरक्षालाई सन्तुलनमा राख्नुपर्छ। नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता र विचार स्वतन्त्रता यस्ता अधिकारहरू हुन्, जुन कुनै पनि बहुमतले खोस्न सक्दैन।

शासनमा नीति र योजना निर्माण गर्ने प्रक्रिया पारदर्शी, सहभागी र प्रमाणमा आधारित हुनुपर्छ। नेताहरूले चुनाव जित्नका लागि नारा र भावनात्मक अपील मात्र प्रयोग गर्ने होइन, दीर्घकालीन सोच, व्यवहारिक योजना र समावेशी दृष्टिकोण प्रस्तुत गर्नुपर्छ। शासनमा कोही पनि माथि छैन, सबै समान छन् भन्ने भावना कायम राख्नुपर्ने हुन्छ। आजको विश्वमा लोकतन्त्रलाई नयाँ चुनौतीहरू पनि आएका छन्- भ्रष्टाचार, घृणाको राजनीति, ध्रुवीकरण, गलत सूचनाको फैलावट र चरम राष्ट्रवाद। यी सबै तत्वहरूले लोकतन्त्रको जग हल्लाउने काम गर्छन्। त्यसैले लोकतन्त्रको संरक्षण केवल कानुन वा संस्थाले होइन, नागरिक चेतना र नैतिकताको बलमा हुन्छ।

लोकतन्त्र स्थिर होइन, गतिशील प्रक्रिया हो। यो निरन्तर सुधार र आत्ममूल्यांकनमा आधारित प्रणाली हो। नागरिक, सरकार, समाज र संस्थाहरू सबैको भूमिका महत्वपूर्ण हुन्छ। जब शासन जनताको प्रतिनिधित्व गर्ने मात्र होइन, जनताको सेवक बन्ने भावना राख्छ; जब नागरिकहरू केवल अधिकारको होइन, कर्तव्यको पनि अभ्यास गर्छन् र जब सबैले लोकतन्त्रलाई केवल प्रणाली होइन, जीवनशैलीको रूपमा स्वीकार गर्छन्, त्यो नै उन्नत लोकतन्त्र हो। त्यसैले, आजको आवश्यकता उन्नत लोकतन्त्रको अभ्यास हो, जहाँ जनताको आवाज सुन्छ, विविधताको सम्मान हुन्छ, नीति जनहितमा बनाइन्छ र सत्ताको प्रयोग जनताको सेवामा मात्र सीमित रहन्छ। लोकतन्त्र केवल शासनको रूप होइन, त्यो सभ्यताको प्रतिबिम्ब हो, जसले स्वतन्त्रता, न्याय, समानता र भाइचाराको सारलाई जीवन्त बनाउँछ।

## इतिहासमा आज


१० सेप्टेम्बर २०२२ मा रानी एलिजाबेथ द्वितीयको मृत्युपछि सेन्ट जेम्स दरबारमा भएको एक्सेसन काउन्सिलको बैठकमा राजा चार्ल्सलाई औपचारिक रूपमा राजाको रूपमा घोषणा गरिएको थियो।




१० सेप्टेम्बर २०१७ मा आँधी इर्मा फ्लोरिडाले क्यारिबियनभरि विनाशकारी क्षति पुर्‍याएको थियो। इर्माका कारण १३४ जनाको मृत्यु भएको थियो भने ७७.२ अर्ब डलर क्षति भएको थियो।



१० सेप्टेम्बर २००८ मा इतिहासको सबैभन्दा ठूलो वैज्ञानिक प्रयोगको रूपमा वर्णन गरिएको सीईआरएन स्विट्जरल्याण्डको जेनेभामा सुरुवात गरिएको थियो। यसमा २४ सदस्य राष्ट्रहरू छन्।



अक्टोबर १९९९ मा भएको सैन्य विद्रोहपछि निर्वासित भएका पाकिस्तानका पूर्व प्रधानमन्त्री नवाज शरीफ ७ वर्षपछि १० सेप्टेम्बर २००७ मा पाकिस्तान फर्किएका थिए।



# सामाजिक सञ्जाल नियमनको सवाल

विचार



● शंकर मान सिंह

*सामाजिक सञ्जाललाई नियमन गर्नु गलत होइन, तर यसलाई लागू गर्न हामीसँग पहिले कानुनी पूर्वाधार हुनु आवश्यक छ। यस्तो अचानक बन्द हुनु नियन्त्रणकारी हो। विगतका प्रतिबन्धहरूमा प्रयोगकर्ताहरू भिपिएन र ओपन डिएनएस तिर फर्केको देखिएको छ, यद्यपि यो कानुनी रूपमा गलत मानिन्छ।*

नेपाल सरकारले 'सामाजिक सञ्जाल निर्देशिका २०८०' अन्तर्गत देशमा सञ्चालित सबै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई दर्ता अनिवार्य गरेको छ। सर्वोच्च अदालतको आदेशपछि यो निर्णय लिइएको हो। सरकारले पटक-पटक सूचना जारी गर्दा पनि अधिकांश विश्वव्यापी प्लेटफर्महरूले दर्ता नगरेपछि प्रतिबन्ध लगाउने निर्णयमा पुगेको छ। यस निर्णयले अभिव्यक्ति स्वतन्त्रता, डिजिटल अर्थतन्त्र र सञ्चार माध्यममा गम्भीर असर पार्न सक्ने भन्दै व्यापक बहस सुरु भएको छ।

निर्देशिकाअनुसार नेपालमा सञ्चालन गर्न चाहने सबै सामाजिक सञ्जाल प्लेटफर्महरूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दर्ता गर्नुपर्नेछ। जसको लागि इजाजतपत्रका लागि आवेदन र कम्पनी दर्ता विवरण, गोपनीयता नीति र डेटा सुरक्षा योजनाहरू जस्ता कागजातहरू पेश गर्नुपर्छ। प्रयोगकर्ता गुनासोहरू सुन्नका लागि गुनासो अधिकारी र नेपाली कानूनहरूको पालनाको निरीक्षण गर्न अनुपालन अधिकारी नियुक्त गर्नुपर्छ।

तर, हालसम्म पनि फेसबुक, इन्स्टाग्राम, एक्स र युट्युब जस्ता प्रमुख प्लेटफर्महरूले दर्ता गरेका छैनन् र सम्भावित प्रतिबन्धहरूको सामना गरिरहेका छन्। केवल टिकटक, भाइबर, विटक, निम्बज र पोपो लाइभ गरी पाँच वटा सामाजिक सञ्जालले औपचारिक रूपमा दर्ता गरेका छन्।

प्रतिबन्धित हुने सामाजिक सञ्जालहरूमा फेसबुक, मेसेन्जर, इन्स्टाग्राम, युट्युब, ह्वाट्सएप, ट्विटर (एक्स), लिंक्डइन, स्न्यापच्याट, रेडिट, डिस्कर्ड, पिन्ट्रेस्ट, सिग्नल, थ्रेड्स, विच्याट, कोरा, टम्ब्लर, क्लबहाउस, मास्टडोन, रम्बल, मिवी, भिके, लाइन, इमो, जालो र सोल समावेश छन्। व्हाट्सएप र जीमेल सामाजिक सञ्जाल अन्तर्गत पर्छन् कि पर्दैनन् भन्नेबारेमा अझै अन्योल छ।

यद्यपि, प्रतिबन्धले नेपाली प्रयोगकर्ताहरूको सञ्चारमा बाधा पुगेको छ। फेसबुक जस्ता प्लेटफर्महरूमा मुद्रीकरण कार्यक्रमबाट आम्दानी गरिरहेका सिर्जनाकर्ताहरूलाई प्रत्यक्ष असर पर्नेछ, जसले डिजिटल आय र व्यापक अर्थतन्त्रलाई प्रभाव पार्ने देखिन्छ।

सामाजिक सञ्जाललाई नियमन गर्नु गलत होइन, तर यसलाई लागू गर्न हामीसँग पहिले कानुनी पूर्वाधार हुनु आवश्यक छ। यस्तो अचानक बन्द हुनु नियन्त्रणकारी हो। विगतका प्रतिबन्धहरूमा प्रयोगकर्ताहरू भिपिएन र ओपन डिएनएस तिर फर्केको देखिएको छ, यद्यपि यो कानुनी रूपमा गलत मानिन्छ।

नेपाल मात्र सामाजिक सञ्जाल नियमन गर्ने देश होइन। संयुक्त राज्य अमेरिका, युरोपेली संघ, ब्राजिल र अष्ट्रेलिया लगायत विश्वभरका सरकारहरूले पनि गलत सूचना, डेटा गोपनीयता, अनलाइन हानि र राष्ट्रिय सुरक्षाको चिन्तालाई उद्धृत गर्दै सामाजिक सञ्जाल र ठूला प्रविधिहरूको निगरानी कडा बनाइरहेका छन्। भारतले स्थानीय अनुपालन अधिकारीहरू र टेकडाउन संयन्त्रहरूलाई अनिवार्य गरेको छ, जबकि चीनले कडा सेन्सरशिप र इजाजतपत्र नियन्त्रणहरू कायम राखेको छ।

आलोचकहरूले सरकारको यो कदमलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप मानेका छन्। यद्यपि, जब कुनै कम्पनी वा कम्पनीहरूको सानो समूहको हाम्रो प्राथमिक सञ्चार माध्यममा एकाधिकार हुन्छ, तिनीहरूलाई नियमन गरी सार्वजनिक गर्नुपर्छ। यसले सानो समूहको एकाधिकारलाई नियमन गर्नुपर्छ भन्ने तर्कलाई बल दिन्छ।

नेपाल सरकारले सामाजिक सञ्जाल नियमन गर्ने निर्णय गलत सूचना, साइबर अपराध र प्रयोगकर्ताको सुरक्षाजस्ता गम्भीर चिन्ताहरूलाई सम्बोधन गर्न आवश्यक कदमको रूपमा लिएको छ। यद्यपि, यस निर्णयले अभिव्यक्ति स्वतन्त्रता, डिजिटल अर्थतन्त्र र सञ्चारमा पार्न सक्ने असरबारे व्यापक बहस र आलोचनाहरू पनि उत्पन्न गरेको छ। भविष्यमा यस नियमनको कार्यान्वयन र यसले नेपाली समाजमा पार्ने दीर्घकालीन प्रभावहरू महत्त्वपूर्ण हुनेछन्। नियमन र अभिव्यक्तिको स्वतन्त्रताबीच सन्तुलन कायम गर्नु मुख्य चुनौती हुने देखिन्छ।

अशान्त मधेश

# मुख्यमन्त्रीको राजीनामासँगै कर्फ्युबीच व्यापक आगजनी र तोडफोड



**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
जनकपुर, २४ भदौ

जेन-जी पुस्ताले थालेको आन्दोलनमा प्रहरीले गरेको दमनपछि प्रतिकारस्वरूप स्थानीय सडकमा उत्रिएपछि मधेश प्रदेश सोमबारदेखि अशान्त बनेको छ । मंगलबार बिहानैदेखि सुरु भएको प्रदर्शन दिउँसोपछि झन् उग्र बन्दा अधिकांश जिल्लामा कर्फ्यु जारी गरिएको भएपनि आगजनी र तोडफोड रोकिएन ।

दिउँसोसम्म शान्त देखिएको जनकपुर साँझपख अचानक अशान्त बन्दै गएपछि प्रदेशसभा भवनदेखि मन्त्रिपरिषद्को कार्यालयसम्म प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका छन् । जनकपुर उपमहानगरपालिकाको भवनमा समेत आगो लगाइएको छ । आन्दोलन नियन्त्रणबाहिर गएपछि मुख्यमन्त्री सतिशकुमार सिंह र अर्थमन्त्री जितेन्द्र यादवले राजीनामा दिएपनि स्थिति शान्त हुन सकेन। अबेर रातिसम्म जनकपुरमा आगजनी जारी रह्यो ।

यसअघि पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा र महोत्तरीमा कर्फ्यु आदेश जारी गरिएको थियो । दिउँसो १२ बजेपछि अनिश्चितकालीन कर्फ्यु जारी भएपनि प्रदर्शनकारी सडकबाट नहटेपछि आन्दोलन गाउँ-गाउँसम्म फैलिएको थियो ।

### नेताका घर प्राथमिक निसाना

मंगलबार बिहानैदेखि आन्दोलनकारीको पहिलो निसाना नेताका घर बने । रौतहटको चन्द्रपुरस्थित पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको घरमा आक्रमण गरी आगजनी गरिएको छ । त्यस्तै, जनकपुरमा एमाले नेता रघुबीर महासेठ, महोत्तरीमा भौतिक पूर्वाधारमन्त्री सरोज यादवको घरमा आगजनी भयो। महोत्तरीकै पावन मिथिला होटल (लोसपा नेता सरदसिंह भण्डारीको स्वामित्वमा) मा समेत आगजनी भएको छ ।

विरगन्जमा पूर्वमुख्यमन्त्री लालबाबु राउत, खानेपानी मन्त्री प्रदीप यादव र मेयर राजेशमान सिंहका घरमा समेत आगो लगाइएको छ । रौतहट निर्वाचन क्षेत्र नं. ४ का सांसद देव तिमिल्सिनाको चन्द्रपुरस्थित घरमा समेत आगजनी भएको छ। चन्द्रपुर नगर प्रमुख संजय काफ्लेको निवासमा तोडफोड र पथ्थरबाजी भएको छ ।

नेता मात्र नभइ राजनीतिक दलका कार्यालय पनि निसानामा परे । मधेश प्रदेशका अधिकांश एमाले कार्यालयमा आगो लगाइएको छ। नेपाली कांग्रेस, माओवादी केन्द्रलगायतका दलका कार्यालयमा पनि तोडफोड र आगजनी भएको छ । साथै, गौर र चन्द्रपुर नगरपालिका, जिल्ला ट्राफिक कार्यालय, डिभिजन वन कार्यालय, नापी कार्यालयलगायतमा क्षति पुगेको छ ।

### प्रहरी कार्यालय नियन्त्रणमा

प्रदर्शनकारीले प्रहरी कार्यालयलाई समेत लक्ष्य बनाए। जनकपुरको मुजैलिया प्रहरी चौकी कब्जा गरेर आगो लगाइएको छ। रौतहटको चन्द्रनिगाहपुरस्थित इलाका प्रहरी कार्यालयका प्रहरीहरू कार्यालय छाडेर भागेपछि थुनामा रहेका कैदी फरार भएका छन् । पूर्व-पश्चिम राजमार्गको चन्द्रनिगाहपुर क्षेत्रमा विद्यार्थीको नेतृत्वमा प्रदर्शन उग्र बनेपछि नगरपालिका भवन र त्यहाँ पार्किङ गरिएका गाडीमा आगो लगाइएको थियो । इलाका प्रहरी कार्यालयको गाडीलाई राजमार्गमा ल्याएर आगजनी गरिएको छ ।

### दिनभर घम्साघम्सी

जनकपुर, वीरगञ्ज, मलंगवा, गौर, चन्द्रनिगाहपुर, कलैया लगायतका सहरमा दिनभर प्रहरी र प्रदर्शनकारीबीच घम्साघम्सी चलिरह्यो। प्रहरीले दर्जनौं राउण्ड हवाई फायर र अश्रुग्यास प्रयोग गरेको थियो । आन्दोलन दोस्रो दिन मंगलबार बिहानैदेखि रौतहटका विभिन्न क्षेत्रमा विद्यार्थी र स्थानीय नागरिक ठूला संख्यामा सडकमा उत्रिएका थिए ।

# झापाका दर्जनभन्दा बढी कार्यालयमा आगजनी र तोडफोड



**झापा/मस-** जेनजी पुस्ताको आन्दोलनका क्रममा आज झापाका एक दर्जनभन्दा बढी सरकारी कार्यालयमा आगजनी र तोडफोड भएको छ ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको दमकस्थित घरदेखि नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहितका घरमा आगजनी र तोडफोड भएको हो । त्यस्तै संघीय तथा प्रदेश सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुख, राजनीतिक दलका जिल्लास्तरीय नेतासहितको घरमा आगजनी र तोडफोड भएको हो । एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) को जिल्लास्थित पार्टी कार्यालयमा समेत आगजनी र तोडफोड भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले बिहानैबाट निषेधाज्ञा जारी गरेपनि निषेधाज्ञाको उल्लङ्घन गर्दै जेनजी पुस्ताका युवाहरूको समूहले झापाका दर्जनौं सरकारी कार्यालय सहितका भौतिक संरचनामा क्षति पुऱ्याएका हुन् ।

बिहानैदेखि आन्दोलनमा उत्रिएको जेनजी पुस्ताका युवा समूहले बिर्तामोडमा प्रदर्शन गरेका थिए । सो क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापामा आगजनी गरेपछि प्रहरीले बल प्रयोग गर्दै स्थिति नियन्त्रणमा लिन गोली चलाएको थियो ।

प्रहरीले चलाएको गोली लागेर अर्जुनधाराका एक युवाको मृत्यु र अन्य तीन जना घाइते भएसँगै थप आन्दोलित भएका उनीहरूले सरकारी कार्यालय तोडफोड र आगजनी गरेका थिए । आन्दोलनमा उत्रिएको समूहले दिनभर सरकारी कार्यालय र नेताका घर छानीछानी आगजनी गरेका थिए ।

प्रहरीले चलाएको गोली लागेर अर्जुनधारा-११ स्थित लक्ष्मीपूर निवासी गोपाल सुवेदीको मृत्यु भएको थियो । त्यसपछि उनीहरूले इलाका प्रहरी कार्यालय अनारमनी, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा नियन्त्रणमा लिँदै हतियारसमेत खोसेर कार्यालयमा आगजनी गरेका थिए ।

आगजनीका कारण दुवै कार्यालय पूर्णरूपमा जलेर नष्ट भएका छन् । योसँगै प्रर्दशनकारीले प्रहरीको हतियार समेत खोसेर लगेका थिए । तर, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीसँगको समन्वयमा जेनजी पुस्ताले मानवअधिकारकर्मीको रोहवरमा अरिदमनगण चालआलीलाई हतियार बुझाएका थिए ।

जेनजी पुस्ताको समूहले बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, मेचीनगरपालिका, कनकाई नगरपालिका, बाह्रदशी गाउँपालिका, भद्रपुरस्थित भन्सार कार्यालय, बिर्तामोडस्थित यातायात कार्यालय, नेपाल टेलिकम, विभिन्न पालिकाका वडा कार्यालयमा आगजनी र तोडफोड गरेका छन् । आगजनी र तोडफोडका कारण के कति क्षति भयो भन्न सक्ने अवस्था नरहेको बताइएको छ ।

यता बिर्तामेडस्थित भाटभटेनी सुपर मार्केटमा समेत साँझ प्रर्दशनकारीले आगजनी र तोडफोड गरेका छन् । जेनजी पुस्ताका युवा समूहले कोशी प्रदेशका प्रदेशसभा सदस्य गोपाल तामाङ, मेची नगरपालिकाका प्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, योजना शाखा प्रमुख अनन्त प्रकाश वस्ती, बिर्तामोड नगरपालिकाका पूर्व मेयर ध्रुवकुमार शिवाकोटी, नगरप्रमुख पवित्रा महतारा प्रसाई, नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराई, कनकाई नगरप्रमुख राजेन्द्रकुमार पोखरेल, कांग्रेस झापाका सभापति देउकुमार थेवेलगायतका घरमा आगजनी र तोडफोड भएको छ ।

आन्दोलनरत पक्षलाई संयमता अपनाउन प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले पटकपटक आग्रह गर्दासमेत जेनजी पुस्ताको समूहले आन्दोलन रोकेको छैन । आन्दोलनका कारण झापा दिनभर असान्त बनेको थियो ।

# नेपाल-भारत महेशपुर सीमा नाका बन्द



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २४ भदौ

पश्चिम नवलपरासीको महेशपुरस्थित भारत-नेपाल सीमा नाका मंगलबार दिउँसोदेखि आवागमनका लागि बन्द गरिएको छ ।

हालै जिल्लामा भइरहेको 'जेनजी' समर्थित विरोध प्रदर्शन, तोडफोड र प्रशासनिक संवेदनशीलतालाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले अर्को आदेश नआएसम्मका लागि नाका बन्द गर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सीमा नाकाबाट पैदल तथा सवारीसाधन दुवैको आवागमन रोकिएको छ । सुरक्षा चुनौतीका कारण सीमा क्षेत्रमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिएको र आवतजावतमा कडाइ गरिएको छ ।

सीमा नाका बन्द हुँदा दुवै देशका स्थानीय बासिन्दा, दैनिक मजदुरीमा निर्भर परिवार र साना व्यापारीहरू बढी प्रभावित भएका छन् । जिल्ला प्रशासनले भने शान्ति-सुरक्षा सामान्य भएपछि मात्र नाका पुनः सञ्चालनमा ल्याइने जनाएको छ ।

# झलारीका होटल तथा रेस्टुरेन्टमा प्रयोग हुने चिल्लो पदार्थमा 'ट्रान्सफ्याट'को मात्रा उच्च



**कञ्चनपुर/मस-** शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारका अधिकांश होटल तथा रेष्टुरेन्टमा बनाइने परिकारमा हानिकारक चिल्लो पदार्थको प्रयोग हुने गरेको पाइएको छ । बजार अनुगमनका क्रममा 'ट्रान्सफ्याट' (ठोस चिल्लो पदार्थ)को मात्रा उच्च रहेको पाइएको हो ।

धनगढीस्थित खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालयका नायब प्राविधिक सहायक तोयनाथ ओझाका अनुसार होटलमा खानाका परिकार बनाउन प्रयोग हुने तेललाई धेरैपटक तताएर प्रयोगमा ल्याउने गरिएको पाइएको छ ।

'तेललाई जतिपटक तताइन्छ 'स्याचुरेटेड फ्याट' वृद्धि हुँदै जान्छ, त्यस्तो तेल स्वास्थ्यका निकै हानिकारक हुन्छ', उनले भने । 'टोटल पोलर मिटर' (टिपिएम)को मद्दतले होटलमा खाना नास्ताका परिकार बनाउन प्रयोग हुने तेल परीक्षणको कार्य गरिएको छ ।

जसमा तेलको टिएम भ्यालु उच्च देखिएको छ । 'टिएम भ्यालु २० सम्म आएमा त्यसलाई सामान्य मानिन्छ', नायब प्राविधिक सहायक ओझाले भने, 'भ्यालु २१ देखि २४ सम्मलाई चेतनावनी तह र २५ भन्दामाथि आएमा हानिकारक विषसमान मानिन्छ ।'

उनका अनुसार अनुगमन गरिएकामध्ये आधाभन्दा बढी होटल र रेष्टुरेन्टमा तेलको टिएम भ्यालु २५ भन्दामाथि देखिएको छ । खाद्य पदार्थ बनाउन प्रयोग हुने तेललाई पुनः तताउने र त्यसकै माथि अरु तेल खन्याएर खाद्य पदार्थ बनाउँदा समस्या देखिएको उनको भनाइ छ ।

वनस्पति तेललाई एकपटक प्रयोग गरेपछि दोस्रोपटक दोहोर्याएर प्रयोग गर्न नमिल्ने उनले बताए । ट्रान्सफ्याट तेलको प्रयोग गरी बनाइएका खाद्य पदार्थको सेवन गर्दा मुटु, रक्तनली, मिर्गौला, मस्तिष्कमा गम्भीर असर पुर्याउने कार्यसँगै रगतलाई बाक्लो बनाउने, उच्च रक्तचापको समस्या निम्त्याउने र हृदयघातको समस्या निम्त्याई मृत्युदरलाई बढाउने गरेको पाइएको उनले उल्लेख गरे ।

बजारमा यस्ता ट्रान्सफ्याटको प्रयोग गरी बनाइएका खाद्य पदार्थको सेवन नगर्नु नै उचित हुने उनको सल्लाह रहेको छ ।

'योसँगै होटल तथा रेष्टुरेन्टहरूमा हानिकारक रङहरूको प्रयोग गरी जेरी मीठाइ, चिकेन पकौडा, रोष्टलगायत परिकार बनाइएको देखियो' उनले भने, 'ती परिकार जफत गरी नष्ट गर्न नगरपालिकाको जिम्मा लगाएका छौं, अखाद्य रङहरूको प्रयोग गरी बनाइएका खाद्य पदार्थले हृदयघात र क्यान्सरजस्तो प्राणघात रोग निम्त्याउने भएकाले सेवन गर्नबाट बच्नुपर्छ ।'

'धेरै होटेलहरूमा बनाइएका परिकार राख्न र छोप्नका लागि अखबारको प्रयोग भएको पाइएको छ, अखबार छाप्न प्रयोग भएको रङ खाद्य पदार्थमा लाग्ने भएकाले त्यो पनि निकै हानिकारक रहेको छ', उनले भने ।

**ओमनमा रोजगार**
कम्पनी : REHAM BEAUTY & FITNESS L.L.C — शहरः MUSCAT
पूर्व स्वीकृत मितिः २०८२/०१/२४ — चलानी नं.: ६०२३७२२६ — LT. No.: 323282 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist/hair Dresser | 0 | 4 | सम्बन्धित काममा दक्ष | 170 | ६,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicurist/nail Technician | 0 | 2 | | 170 | ६,५७३ | | | | | | | |
| 3. | Beautician General | 0 | 4 | | 170 | ६,५७३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १ गते (17 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565

मध्यान्ह
www.madhyanhadaily.com
२५ भदौ २०८२ बुधबार
10 September 2025 Wednesday



# फिल्म हलहरूले मनाए शोक

**काठमाडौं/मस**-चलचित्र संघले मंगलबार देशभरका फिल्म हलहरू बन्द गरेको छ।

जेनजीको प्रदर्शनमा प्रहरीको गोलीबाट मृत्यु भएकाको शोकमा हल बन्द गरिएका हुन्। संघले एक विज्ञप्ति जारी गर्दै शोकमा हल बन्द गरिएको जनाएको छ। संघले घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु भएकाप्रति समवेदना व्यक्त गरेको छ।

मुलुकमा १ सय ६५ फिल्म हल छन्। जेनजीको प्रदर्शनमा प्रहरीको गोलीबाट सोमबार १९ जनाको मृत्यु भएको छ।

### जेनजी आन्दोलन

# दोषीलाई तत्काल कारबाहीको दायरामा ल्याउन कलाकारहरूको माग



**काठमाडौं/मस**- जेनजी आन्दोलनमा गोली हानी मार्नेहरूलाई तत्काल कारबाही गर्न कलाकारहरूले माग गरेका छन्।

अभिनेता राजेश हमालले जेनजी आन्दोलनमा भएको हिंसाको घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए।

फेसबुक पोस्टमार्फत उनले गैरलोकतान्त्रिक चरित्रविरुद्ध निर्वाचन र संसदजस्ता संरचनालाई उपयोग गर्न सुझाव समेत दिएका छन्।

निर्वाचित सरकारले एकैदिनमा रक्तपात र उत्पीडन कार्य गरेको भन्दै उनले दोषीलाई कार्वाहीको दायरामा ल्याउन भनेका छन्।

उनले लेखेका छन्, 'आफ्नो अधिकारको लागि उभिरहेका नागरिकहरूमाथि चलाइएको गोलीले एकै दिनमा कम्तीमा १९/२२ जनाको ज्यान लियो। यो केवल सामाजिक सञ्जाल प्रतिबन्धको बारेमा होइन, यो राज्यको दमन, अनियन्त्रित भ्रष्टाचार र मेलमिलापको सट्टा हिंसा रोज्ने सरकारको बारेमा हो।'

उनले ८ सेप्टेम्बर, २०२५ नेपालको इतिहासमा लोकतान्त्रिक यात्राको सबैभन्दा कालो दिनको रुपमा स्मरण हुने पनि उल्लेख गरेका छन्। यस्तै गायक प्रकाश सपुतले आफ्नै सरकार बैरी भयो भन्दै जनता जाग्न र प्रत्यक थोपा रगतको एक- एक हिसाब माग्नुपर्ने बताएका छन्।

यस्तै अभिनेत्री ऋचा शर्माले आन्दोलनका हृदयविदारक तस्वीर (रगताम्मे भएको जुत्ता) सामाजिक सञ्जालमा सेअर गर्दै सरकारले आफ्नो असली रुप देखाएको उल्लेख गरेकी छन्। उनले लेखेकी छन्, 'ढल्दै गएको पुस्ताले उदाउँदै गरेको पुस्तामाथि दमन गरेको छ र देशभित्रै ज्वालामुखी फुट्दैछ। हत्यारा सरकार, भ्रष्ट सरकार, अलोकतान्त्रिक सरकार।'

अभिनेत्रीद्वय वर्षा सिवाकोटी र लक्ष्मी वर्देबाले पनि 'हत्यारा सरकार' भन्दै जेनजीमाथि भएको बर्बर दमनको विरोध गरेका छन्।

अर्की अभिनेत्री आँचल शर्माले इन्स्टाग्राम स्टोरीमा एक पोस्ट लेख्दै 'दिनदहाडै हत्या गर्नुलाई नियन्त्रण भन्छौ' भन्दै सरकारलाई प्रश्न गरेकी छन्। उनले लेखेकी छन्, 'रगतले लतपतिएका तिमीहरूको अनुहारलाई इतिहासले हरेक दिन थुक्नेछ।'

त्यस्तै, अभिनेत्री रेखा थापाले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै जेनजीले उठाएको माग पूरा गर्न र संविधान संशोधन गर्न सरकारसँग आग्रह गरेकी छन्। अभिनेता पल शाहले न्याय र अधिकार खोज्दा ज्यान नै गुमाउनुपर्ने कठै मेरो देश भन्दै दु:ख व्यक्त गरेका छन् भने अर्का अभिनेता पुष्प खड्काले जनता देशको सम्पत्ति भए पनि राज्यले कठपुतली बनाएको भन्दै आक्रोश पोखेका छन्।

निर्देशक तथा सांसद असिम शाह, निर्देशक तथा निर्माता सन्तोष सेन, ज्योतिष तथा अभिनेता हरिहर अधिकारी, अभिनेता दिव्यदेव पन्त, अभिनेत्रीहरू नीता ढुंगाना, नीति शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, आना शर्मा, सुहाना थापा लगायतले पनि जेनजीको प्रदर्शनमा भएको दमनको सामाजिक सञ्जालमार्फत् विरोध जनाएका छन्।







# म जनताको कलाकार रहिरहन चाहन्छु : करिश्मा



**काठमाडौं/मस**-अभिनेत्री करिश्मा मानन्धरले आफू नेकपा एमाले त्यागेको घोषणा गरेकी छन्। फेसबुकमार्फत उनले आफू जनताकै कलाकार बनिरहन चाहेको बताएकी छन्।

उनले लेखेकी छन्,'अहिलेसम्म कुनै राजनीतिक संस्थामा मेरो संलग्नता यी सबै मूल्य र प्राथमिकताको हितमा मात्र थियो। तर आजदेखि म कुनै राजनीतिक दल वा संगठनसँग आबद्ध नभएको कुरा स्पष्ट पार्न चाहन्छु।'

अघि लेख्छिन्,'म जनताकै कलाकार थिएँ। जनताकै आवाज थिएँ। आगामी दिनमा पनि त्यही रुपमा रहिरहन चाहन्छु।' करिश्मा केही वर्षअघि एमाले पार्टीमा प्रवेश गरेकी थिइन्।

१९ जना बढीको ज्यान जाने गरी जेनजीको प्रदर्शन हिंसात्मक बनेको एकदिनपछि करिश्माले आफूले राजनीतिक दल छाडेको घोषणा गरेकी हुन्।

# अवार्डको मिति परिवर्तन




**काठमाडौं/मस**-इन्फा अवार्ड २०२५ कार्यक्रम स्थगित भएको छ। भ्रष्टाचार, नातावाद र बेथितिको विरोधमा जेनजी पुस्ताद्वारा भएको शान्तिपूर्ण आन्दोलनप्रति समर्थन जनाउँदै कार्यक्रम स्थगित भएको हो।

अवार्ड कार्यक्रम यही सेप्टेम्बर १३, २०२५ मा युकेमा आयोजना हुने तय भएको थियो। स्थगित गरेर अब नोभेम्बर १, २०२५ मा अवार्ड कार्यक्रम गर्ने तय भएको आयोजक टिमले जनाएको छ। आन्दोलनका क्रममा सरकारले गरेको दमन, बल प्रयोग र धरपकडका कारण १९ नागरिकको ज्यान गइसकेको र सयौं युवाहरू घाइते भएको संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै मिति परिवर्तन गरिएको हो। अवार्डका चिफ कोर्डिनेटर मनिष कार्कीले कार्यक्रम स्थगनबारे जानकारी दिँदै सबै कलाकार, प्रायोजक र दर्शकलाई निर्णयका लागि धन्यवाद भनेका छन्। नयाँ मितिमा सँगै रहने विश्वास पनि लिएका छन्। आयोजक टिमले शान्तिपूर्ण आन्दोलनसँग ऐक्यबद्धता जनाउँदै सरकारद्वारा गरिएको अनावश्यक बल प्रयोगको निन्दा गरेको छ। कार्कीका अनुसार देशको आवाजलाई सम्मान गर्नु नै अहिलेको प्रमुख कर्तव्य हो।

नेपालको चलचित्र उद्योगलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र कलाकारहरूको योगदानलाई सम्मान गर्ने उद्देश्यसहित आयोजना हुने यस कार्यक्रमले शान्ति, न्याय, समानता र उत्तरदायित्वको सन्देश दिन लक्ष्य लिएको छ।

# चौथो 'काठमाडौं कलिङ साहित्य महोत्सव' हुने

**काठमाडौं/मस**-भदौ २८ र २९ गते ललितपुरस्थित हिमालय होटलमा चौथो संस्करणको काठमाडौं कलिङ साहित्य महोत्सव हुँदैछ। महोत्सवमा नेपाल, भारत, भूटान, बंगलादेश, श्रीलंका लगायत करिब ३ सय लेखक, कलाकार, गायक-संगीतकार र कूटनीतिज्ञ सहभागी हुनेछन्। यस पटकको महोत्सवको मूल विषय 'सीमापारि: बदलिँदो विश्वमा दक्षिण एशियाली साहित्य' रहेको छ। महोत्सवले दक्षिण एशियाली मुलुकबीचको साहित्यिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ बनाउन योगदान गर्ने आयोजक रश्मि रञ्जन परिदाले बताए।




कार्यक्रमको दोस्रो दिन (भदौ २९) दिउँसो १२:१० देखि १ बजेसम्म भारतीय अभिनेता एवं निर्देशक अमोल पालेकर र उनकी पत्नी लेखिका सन्ध्या गोखलेसँग नेपाली लेखक बुद्धिसागरले संवाद गर्नेछन्। 'लाइफ इन फ्रेम: अमोल पालेकर' शीर्षकको उक्त सत्रमा उनीहरूको जीवनयात्रा, कला र सिर्जनाबारे चर्चा हुनेछ। सादगीपूर्ण अभिनयका लागि चिनिएका पालेकरले ७० र ८० को दशकमा रजनीगंधा, गोलमाल, छोटी सी बात, भूमिका लगायत दर्जनौं हिट फिल्ममा काम गरेका थिए। उनलाई गोलमाल, अक्रिट र भूमिका बाट फिल्मफेयर अवार्ड प्राप्त भएको थियो। उनले अक्रिट, आँखें, दायरा, थोडा सा रुमानी हो जाए लगायत फिल्म निर्देशन पनि गरेका छन्। सन्ध्या गोखलेले पहेली, समान्तर, वि आर अन, १९४२: अ लभ स्टोरी जस्ता फिल्म लेखेकी छन्।

यस पटकको महोत्सवमा अन्तर्राष्ट्रिय बुकर पुरस्कार २०२५ की विजेता भारतीय लेखिका बानु मुस्ताक, अनुवादक दीपा भास्टी, इतिहासकार डा. विक्रम सम्पत, लेखक तथा कूटनीतिज्ञ विकास स्वरूप लगायत ख्यातिप्राप्त व्यक्तिहरू सहभागी हुनेछन्।

महोत्सवमा प्यानल छलफल, कविता वाचन, पुस्तक लोकार्पण, लेखकसँग अन्तरक्रिया, लेखन तथा अनुवाद कार्यशाला र सांस्कृतिक प्रस्तुति हुनेछन्। आयोजकले यस पटकको संस्करणलाई यसअघिका कार्यक्रमभन्दा विशेष र प्रभावकारी बनाइने तयारी भएको जनाएको छ।

# व्यक्तिगत स्वार्थभन्दामाथि देश उठ्न नसकेको पारस खड्काको टिप्पणी



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान तथा नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले व्यक्तिगत स्वार्थभन्दामाथि देश उठ्न नसकेको टिप्पणी गरेका छन्। सोमबार प्रहरीको दमनबाट १९ जना प्रदर्शनकारीको मृत्यु भएपछि श्रद्धाञ्जली व्यक्त गर्दै पारसले सबै क्षेत्रमा निराशा रहेको बताएका हुन्।

उनले लेखेका छन्, 'हाम्रो देश, नामको देश। जता हेरे, त्यतै निराशा, कामभन्दा भाषण बढी, गलत र सही मूल्यांकन नभएको सामाजिक मानसिकता, हरेक क्षेत्रमा व्यक्तिगत स्वार्थभन्दामाथि उठ्न नसकेको मेरो देश। मृत्यु हुनेप्रति हार्दिक श्रद्धाञ्जली। सहिद भएका छन्, धेरैलाई बनाइएको छ, सायद मर्नु सहिद हुनु हो भने, हामी सबै धेरैअघि नै सहिद भइसकेका छौँ। निशब्द।," पारसले सामाजिक सञ्जालमा लेख्दै सोमबारको प्रदर्शनमा प्रहरीले गोली चलाएको भनेर असन्तुष्टि समेत व्यक्त गरेका हुन्।

# नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण फुटबल खेल स्थगित



**काठमाडौं/मस–** नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण फुटबल खेल स्थगित भएको छ।

जेनजी पुस्ताले सोमबार गरेको प्रदर्शनलाई कारण देखाउँदै मैत्रीपूर्ण खेल स्थगित गरिएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ।

जेनजी पुस्ताका युवाहरूले गरेको प्रदर्शनमा १७ जनाले ज्यान गुमाएका थिए।

गत शनिबार भएको दुई टोलीबिचको पहिलो मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको थियो।



*काठमाडौंस्थित जेनजीको प्रदर्शनको क्रममा ग्लोबल कलेज तोडफोड गरी ट्रफी लैजादै प्रदर्शनकारी।*

# एभरेष्ट महिला भलिबल लिग स्थगित

**काठमाडौं/मस–** एभरेष्ट महिला भलिबल लिग स्थगित भएको छ।

पोखरामा जारी एभरेष्ट महिला भलिबल लिग मंगलबारका लागि लागि स्थगित भएको हो।

जेनजीको आन्दोलनलाई देशको विद्यमान परिस्थिति भन्दै आयोजकले जेनजीकै प्रदर्शनलाई मध्यनजर गर्दै भलिबल लिग स्थगित गरेको जनाएको छ।

पोखरामा सञ्चालन भईरहेको इडब्लुभीका खेल स्थगित गर्ने निर्णय गरिएको आयोजकले विज्ञप्तिमार्फत जानकारी दिएको हो। जेनजी पुस्ताले आयोजना गरेको विरोध प्रदर्शनमा व्यापक दमनका कारण संघीय राजधानी सुरक्षा चुनौती थपिएको छ।



भ्रष्टाचारविरुद्ध गरिएको विरोध प्रदर्शनमा प्रहरीले गोली चलाउँदा कम्तिमा १९ जनाको मृत्यु भएको र दर्जनौं घाइते भएको बताइएको छ। विरोध प्रदर्शन देशका विभिन्न सहरमा आज पनि जारी छ।

खेल तालिका अनुसार आज पहिलो खेल कर्णाली यशविस र मधेश युनाइटेड तथा दोस्रो खेल ललितपुर क्विन्ट र पोखरा निन्जाजबीच खेल हुनुपर्ने थियो।

यो कठिन घडीमा हामी ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको भनिएको छ। साविक विजेता कर्णाली र उपविजेताले लगातार ३ खेल जित्दै समान ९ अंक जोडेका छन्। ३ खेलबाट २ अंक जोडेको लुम्बिनी २ र १ अंक जोडेको पोखरा निन्जाज २ खेलअघि नै फाइनल होडबाट बाहिरिएका छन्।

३ अंक जोडेका मधेश र काठमाडौं स्पाइकर्सको फाइनल खेल्ने गणितीय संभावना बाँकी छ। दुवै टोलीले समान खेल्न बाँकी छ।

# यूएस ओपन च्याम्पियन

**काठमाडौं/मस–** अल्कारेज यूएस ओपन च्याम्पियन भएको छ। विश्व नम्बर एकलाई हराउँदै यूएस ओपन च्याम्पियन भएको हो।

सिनरलाई चौथो सेटमा हराउँदै स्पेनका कार्लोस अल्कारेज यूएस ओपन च्याम्पियन बनेका हुन्।

वरीयताको दोस्रो स्थानमा रहेका अल्कारेजले फाइनलमा सिनरलाई ३-१ को रोमाञ्चक सेटमा जित निकालेका हुन्।

अर्थर एस रंगशालामा भएको फाइनलमा अल्कारेजले पहिलो, तेस्रो र चौथो सेट जितेका हुन्। सिनरले दोस्रो सेट आफ्नो पक्षमा राखे पनि खेलमा पुनरागमन गर्न भने सकेनन्।

अल्कारेजले पहिलो सेट ६-२ ले जितेका थिए। दोस्रो सेट सिनरले ६-३ ले आफ्नो पक्षमा राख्दै खेललाई १-१ सेटमा ल्याएका थिए। तर, तेस्रो र चौथो सेट अल्कारेजले ६-१ ६-४ ले जितेपछि च्याम्पियन बनेका हुन्।

यो वर्ष अल्कारेजले जितेको यो दोस्रो ग्रान्डस्लाम हो। यसअघि अल्कारले फ्रेन्च ओपनको उपाधि जितेका थिए। उक्त प्रतियोगिताको फाइनलमा अल्कारेजले सिनरलाई नै निराश बनाएका थिए।

# एएफसी यू-२३ एसियन कप छनोटमा नेपाल पराजित



**काठमाडौं/मस–** एएफसी यू-२३ एसियन कप छनोटमा नेपाल पराजित भएको छ।

रिपब्लिकन सेन्ट्रल स्टेडियममा भएको खेलमा नेपाल फिलिपिन्ससँग ४-० ले पराजित भएको हो।

समूह 'के' मा नेपाल यसअघि पहिलो खेलमा आयोजक ताजिकिस्तानसँग ४-० र दोस्रो खेलमा सिरियासँग ४-२ ले पराजित भएको थियो।

# कोसोभोसँग स्विडेन स्तब्ध



**काठमाडौं/मस–** विश्वकप छनोटमा कोसोभोसँग स्विडेन स्तब्ध भएको छ।

खेलका क्रममा १० खेलाडीमा सीमित कोसोभोसँग स्विडेन २-० ले स्तब्ध भएको हो।

कोसोभोले २६औं मिनेटमा एल्भिस रेक्ष्बेकाजमार्फत अग्रता लिएको थियो। कप्तान वेदात मुरीकीले ४२औं मिनेटमा अर्को गोल गर्दै जित पक्का गरेका हुन्।

अतिरिक्त समयमा परिवर्तन खेलाडी लिन्डन एमेरलाहु रातो कार्ड खाँदै बाहिरिए पनि त्यसले नतिजामा प्रभाव पारेन।

यो हारपछि स्विडेन समूह 'बी' मा तेस्रो स्थानमा छ। अग्रस्थानमा रहेको स्विट्जरल्यान्डभन्दा ५ अंकले पछि छ। स्विस टोलीले स्लोभेनियाविरुद्ध ३-० को सहज जित निकाल्यो। निको एल्भेडी, ब्रील एम्बोलो र नयाँ अनुबन्धित खेलाडी डान एनडोयेले गोल गरे।

अन्य खेलमा डेनमार्कले ग्रीसलाई ३-० ले हरायो। कप्तान पिएर-इमिल होयबर्गले दुई असिस्ट गरे। मिकेल ड्याम्सगार्ड, आन्द्रेयास क्रिस्टेन्सेन र रस्मुस होयलुन्डले गोल गरे। यो जितपछि डेनमार्क समूह 'सी' को शीर्ष स्थानमा कायम छ।

क्रोएसियाले मोंटेनेग्रोलाई ४-० ले हराउँदै आफ्नो शतप्रतिशत नतिजा निरन्तरता दियो। पहिलो गोल क्रिस्टिजान याकिचले गरे। आन्द्रेय क्रामारिच, इभान पेरिसिच र एक आत्मघाती गोलमार्फत अन्तर बढ्यो। मोंटेनेग्रोका आन्द्रिजा बुलाटोभिक पहिलो हाफमै रातो कार्ड खाँदै मैदानबाट बाहिरिएका थिए।


स्विडेनले पछिल्ला तीन विश्वकप छनोट खेलमा जित्न नसकेपछि दबाब बढेको छ। सन् २००८-०९ पछि पहिलो पटक लगातार ३ खेलमा जितविहीन भएको स्विडेन लगातार दोस्रो विश्वकप गुमाउने खतरा बढेको छ।

# जर्मनीसँग नर्दन आयरल्यान्डलाई ३-१ ले पराजित

**काठमाडौं/मस–** विश्वकप २०२६ को छनोट खेलमा जर्मनीसँग नर्दन आयरल्यान्डलाई ३-१ ले पराजित भएको छ। जर्मनीले नर्दन आयरल्यान्डलाई पराजित गर्दै आफ्नो अभियानमा पहिलो जित दर्ता गरेको छ। घरेलु मैदानमा दबाबमा रहेको जर्मनीले यो जितसँगै राहत महसुस गरेको छ।

जर्मनीले खेलको सातौं मिनेटमा नै सेर्गी ग्नाब्रीको गोलमार्फत अग्रता लिएको थियो। खेलमा नाब्रीको गोल न्युकासलका नयाँ खेलाडी निक वोल्टेमाडेको पासमा सम्भव भएको थियो।

तर, खेलको ३४औं मिनेटमा इसाक प्राइसले गोल गर्दै नर्दन आयरल्यान्डलाई बराबरीमा ल्याए। पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गर्दै बराबरीमा रहेको नर्दन आयरल्यान्डले दोस्रो हाफमा पनि जर्मनीलाई कडा टक्कर



दिएको थियो। तर, खेलको ६९औं मिनेटमा नाडियम अमिरीले गोल गर्दै जर्मनीलाई पुन अग्रता दिलाए। त्यसको तीन मिनेटपछि ने फ्लोरिअन विजले उत्कृष्ट फ्रिकिकमार्फत गोल गर्दै जर्मनीको जित सुनिश्चित गरे।

यो जित जर्मनीका लागि महत्त्वपूर्ण थियो, किनकि यसअघि उनीहरू लगातार तीन खेलमा पराजित भएका थिए, जसमा स्लोभाकियासँगको २-० को हार पनि समावेश छ।

नर्दन आयरल्यान्डका गोलकिपर बेली पिकोक-फारेलले आफ्नो ५० औं अन्तर्राष्ट्रिय खेल खेल्दै उत्कृष्ट प्रदर्शन गरेका थिए।

# तरकारी बेचेर जीविकोपार्जन गर्दै महिला



**तानसेन (पाल्पा)/मस–** डुम्रेकी रमिता विकले तानसेनमा तरकारी र फलफूल बेचेर जीविकोपार्जन गर्दै आएकी छन् । 'बिहानै गाउँबाट तरकारी ल्याएर छोरालाई खाना पकाएर खुवाएपछि डोको बोकेर निस्कन्छु', नारायणस्थानमा तरकारी बेच्दै गरेको अवस्थामा भेटिनुभएकी उनले भनिन्, 'दिनभरि बजार डुलाएर तरकारी, फलफूल बेच्छु, त्यही कमाइले छोराको पढाइ खर्च र बिहानबेलुका हातमुख जोड्छु, यो मेरो दैनिकी यही हो ।'

मदन पोखराकी सीता कुमाल पनि सिजनमा तरकारीको भारी बोकेर तानसेन बजार पुग्ने गर्छिन् । उनी बारीमा उत्पादित तरकारी बजारमा बिक्रीका लागि आफ्ना दौँतरीसँग बिहान ६ बजे गाउँबाट निस्किन्छिन् । तरकारी आयो तकारी आयो' भन्दै टोलटोल पुग्छिन्, 'दिनकै हिँडेर तरकारी बेच्नु दुःख कष्ट त छ', उनले भनिन्, 'तर, गुजारा गर्न यत्ति गर्नै पर्‍यो ।'

तानसेन नगरपालिका-११ बाँझाकी ३८ वर्षीया राधिका खाँती पनि दिनहुँजसो घरबाट तरकारी ल्याएर तानसेनस्थित शीतलपाटी नजिकै मन्दिर छेउमा बसेर बिक्री गर्छिन् । तरकारी बिक्री गरेर आएको पैसाले सहज रूपमा उनको घरको खर्च चलेको छ । 'आम्दानीको स्रोत नहुँदा केही समयअघिसम्म घर खर्च चलाउन निकै गाह्रो थियो', उनले भनिन्, 'घर खर्चका लागि श्रीमान्‌को मुख ताक्नु पर्दथ्यो, तरकारी बेच्न थालेपछि श्रीमान्‌बाट घर खर्च माग्नु परेको छैन ।'

खाँती आफैँले फलाएको र केही अन्य किसानले उत्पादन गरेको तरकारी सङ्कलन गरी तानसेनमा ल्याएर बिक्री गर्दै आएकी हुन् । खाँतीले तरकारी बेचेर अहिले मासिक लाखौँ रुपैयाँ कमाउन थाल्नुभएको छ । मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण उनी बनेकी छन् ।

लकडाउपछि शीतलपाटी सडक नजिकैको मन्दिर आसपासमा बसेर खाँतीले ताजा तरकारी र फलफूल बिक्री गर्दै आएकी छन् । उनले तरकारी बिक्रीबाट दैनिक दुई हजारदेखि पाँच हजारसम्म आम्दानी हुने जानकारी दिइन् । तरकारी बिक्रीबाट भएको आम्दानीले छोराछोरीलाई पढाउन, खर्च खर्च तथा चार जनाको परिवार चलाउन सहज भएको उनको भनाइ छ ।

खाँतीलाई श्रीमान्‌ले तरकारी संकलनमा दैनिक सहयोग गर्दै आएका छन् । 'तरकारी बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको थियो', उनले भनिन्, 'अहिले आफ्नो पेसा व्यापार हो भन्ने बुझेकी छु, अब सकुञ्जेल यही काम गर्ने हो ।' राधिकाका अनुसार अर्गानिक तरकारी किन्ने ग्राहकको यहाँ दैनिक भीड लाग्ने गर्दछ । प्रायः बजार गर्न आउने र अफिसबाट फर्कनेहरुले तरकारी किनेर लैजाने गरेको उनको भनाइ छ ।

राधिकाले झैँ आफ्नै बारीमा फलेका र अन्य कृषकद्वारा उत्पादित तरकारी बेचेर कुरुङखोलाकी जमुना बोहोराले पनि मनग्य आम्दानी गर्दै आएकी छन् । उनले विगत डेढ दशकदेखि सडक पेटीमा तरकारी बेचेर घर खर्च चलाउँदै आएकी छन् । उनले पनि दैनिक एक हजारदेखि तीन हजारसम्म आम्दानी गर्छिन् । उनीहरू मात्र होइन बजार आसपासमा रहेका धेरै महिला दैनिकजसो तरकारी बिक्रीका लागि बजारसम्म आउने गर्छिन् । तरकारी बिक्री गरेर आम्दानी भएको रकमले घर व्यवहार चलाउँदै आएको महिला बताउँछन् ।

# जेन–जी प्रदर्शनमा भएको जनधनको क्षतिप्रति महासंघ दुःखी




**काठमाडौं/मस–** जेनजीले देशभर गरेको प्रदर्शनका क्रममा भएको जनधनको क्षतिप्रति नेपाल उद्योग वाणिज्य महासंघले दुःख व्यक्त गरेको छ । प्रदर्शनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै महासंघले मृतकका परिवारप्रति समवेदना व्यक्त गरेको हो । घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत महासंघले गरेको छ ।

मर्यादित रोजगारी, स्वरोजगारी, सर्वसाधारण एवं उद्यमी व्यवसायीले तिरेको राजस्वको सदुपयोग लगायत विषयमा युवा पुस्ताले देखाएको चासोप्रति संवेदनशील हुन नेपाल सरकार, राजनीतिक दलहरू लगायत सम्बन्धित सबैमा आग्रह गरिएको छ ।

मुलुकमा थप निराशा र अशान्तिको वातावरण कहीं कतैबाट पनि सिर्जना नहोस र शान्तिपूर्ण आन्दोलन र त्यस क्रममा अनावश्यक बल प्रयोग नहुनेतर्फ पनि महासंघले ध्यानाकर्षण गराएको छ ।

सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धिको वातावरण निर्माण गरेर मात्र उच्च ज्याला सहितको मर्यादित रोजगारी सम्भव रहेको महासंघको भनाइ छ । आर्थिक गतिविधि चलायमान बनाउन र मुख्य पर्यटकीय समयमा नेपालबाट सकारात्मक सन्देश विश्वभर प्रवाह गर्न सबै संयमित हुनुपर्ने समेत महासंघले बताएको छ ।

आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सरकार लगायत सम्पूर्ण सबै राजनीतिक दल एवं जेन-जीसँग अपिल गर्दै युवाहरूको चाहनाअनुरूप नागरिकको सरकारी सेवामा सहज र मर्यादित पहुँच, स्वतन्त्र भएर पेसा व्यवसाय गर्न पाउने अधिकारको सुनिश्चिततासँगै लगानी एवं रोजगारी प्रवर्द्धनका लागि उपयुक्त वातावरण सिर्जना गरी समुन्नत समाज निर्माणमा योगदान पुर्‍याउन महासंघले आग्रह गरेको छ ।

# यातायात व्यवसायीद्वारा सेवा बन्दको घोषणा



**काठमाडौं/मस–** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले देशव्यापी रूपमा अनिश्चितकालीन सार्वजनिक तथा ढुवानी यातायात सेवा बन्द गर्ने घोषणा गरेको छ ।

महासंघले सोमबार जेनजी समूहले आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा सरकारको दमनका कारण १९ जना विद्यार्थीको मृत्यु भएको र देशभर जनजीवन प्रभावित भई कर्फ्यु लगाइएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै शान्ति सुरक्षाको प्रत्याभूति नभएसम्म सेवा सञ्चालन नगर्ने जनाएको छ ।

घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै महासंघले नेपाल सरकारसँग उनीहरूको उपचारको व्यवस्था मिलाउन माग गरेको छ । साथै, महासंघका सम्पूर्ण सदस्य संस्था, समिति, कम्पनीलाई घाइतेहरूको उपचारका लागि सहयोग गर्न पनि अनुरोध छ ।

यसर्थ, नेपाल सरकारबाट उचित शान्ति सुरक्षाको प्रत्याभूति नभएसम्मका लागि देशभर यात्रुवाहक र मालवाहक सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन नगर्न/नगराउन महासंघले आफ्ना सम्पूर्ण सदस्य संघ, समिति, कम्पनीलाई विज्ञप्तिमार्फत अनुरोध गरेको छ ।


# भाटभटेनीमा सुपरमार्केटमा आगजनी




**काठमाडौं/मस–** जेनजी आन्दोलनका क्रममा भाटभटेनी सुपरमार्केटमा आगजनी तथा तोडफोड भएको छ । मंगलबार प्रदर्शनकारीले काठमाडौं नक्सालस्थित भाटभटेनीमा आगजनी गरेको छ भने भक्तपुर, विराटनगर, भरतपुर र भैरहवाको भाटभटेनीमा तोडफोड गरेका छन् ।

प्रदर्शनकारीले भाटभटेनीमा गरेको आगजनीका कारण अर्बौं रुपैयाँ बराबरको क्षति भएको छ भने अन्य सुपर स्टोरमा पनि करोडौँ बराबरको क्षति भएको छ ।

# बागलुङको छुर्पीको माग उच्च भएपछि उत्पादन बढ्यो



**गलकोट/मस–** यस वर्ष बागलुङबाट ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ । दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी संघले आर्थिक वर्ष २०८१ /८२ मा ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सङ्घका अध्यक्ष दीपक गौतमले बताए ।

अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ । अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ । आव २०८०/८१ ३८ लाख ५४ हजारबराबरको छुर्पी बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ । दुग्ध सहकारीले यस वर्ष १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ ।

उनका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ । त्यसमध्ये अन्तरराष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ । छुर्पीको माग बढेपछि संघले एक वर्षमा १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो ।

दुग्ध सहकारी संघले बागलुङका १५ सहकारी संस्थाको दूध संकलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन् । जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन् । हाल सहकारी संघले छुर्पी प्रतिकिलो एक हजार २०० मा बिक्री गर्दै आएको छ । सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् ।

सहकारी संघमा १७ कर्मचारीले संकलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताए । यस्तै आव २०७९/८० मा २९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**